## परिच्छेद एक

# शोध परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

नेपाली विषय भाषासम्बन्धी विषय हो । यस विषयको शिक्षणबाट सिकारुको भाषिक सीप र क्षमताको विकास गर्ने उद्देश्य राखिएको हुन्छ । भाषिक सीप अन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी जम्मा चारओटा सीपहरू पर्दछन् । भाषाका यिनै चार सीपहरूको मूल्याङ्कन भाषिक मूल्याङ्कन हो (भण्डारी र अन्य, २०६८ : ३१३) । भाषाका चार सीपहरूमध्ये लिखित परीक्षामा उपयोग गरिने प्रश्नपत्रबाट पढाइ तथा लेखाइ सीप क्षमताको मूल्याङ्कन गरिन्छ । भाषिक मूल्याङ्कनमा प्रश्नपत्र निर्माण गर्दा मूलतः पाठ्यक्रम, पाठ्यपुस्तक तथा परीक्षण योजनालाई आधार बनाइनु पर्दछ । यस्ता प्रश्नपत्रहरू स्पष्ट, स्तरीय, क्रमबद्ध, विश्वसनीय र वैध हुनु पर्दछ ।

हाल शिक्षण सिकाइ क्रियाकलापका क्षेत्रमा भएको विकास र परिवर्तित मान्यता अनुसार मूल्याङ्कनका क्षेत्रमा पनि विभिन्न प्रकारका नवीनतम् साधन र प्रचलनहरू विकास हुँदै गएका छन् (ऐ. : २०) । खासगरी विज्ञान र प्रविधिको विकाससँगै विद्यार्थीको ज्ञानात्मक पक्षलाई भन्दा सीप पक्षलाई बढी महत्त्व दिइँदै आएको छ । यस सन्दर्भमा उच्च महत्त्वको परीक्षा, दक्षतामा आधारित मूल्याङ्कन, उपलब्धि सङ्ग्रह जस्ता मूल्याङ्कन प्रणालीहरू स्थापित हुँदै गएका छन् । मापन र मूल्याङ्कनका क्षेत्रमा देखापरेका प्रस्तुत नवप्रवर्तनहरूले विद्यार्थीहरूको सैद्धान्तिक ज्ञानको मात्र मापन नगरी उनीहरूका सीप, अभिवृत्ति, रुचि, व्यक्तित्व, समस्या समाधान गर्ने र नयाँ परिस्थितिसँग समायोजन हुन सक्ने क्षमताको पनि सङ्ख्यात्मक लेखाजोखा गर्ने प्रणालीको विकास गरेका छन् (ऐ.:३०) । यसले परम्परागत मूल्याङ्कन प्रणालीलाई चुनौती दिएको छ ।

मूल्याङ्कनको बहुप्रचलित पद्धतिको रूपमा लिखित परीक्षा स्थापित भएको छ । प्रश्नपत्र लिखित परीक्षाको भरपर्दो साधन हो । विद्यार्थीहरूको पढाइ तथा लेखाइ सीप क्षमताको मापन एवम् मूल्याङ्कन गर्नका लागि परीक्षामा प्रश्नपत्रको उपयोग गरिन्छ । परीक्षामा उपयोग गरिने प्रश्नपत्र सरलबाट जटिलमा क्रमबद्ध, स्पष्ट, शुद्ध, स्तरीय एवम् विशिष्टीकरण तालिका अनुसार निर्माण गरिनु पर्दछ (पराजुली र अन्य, २०६८ : १४८) ।

मूलतः आन्तरिक र बाह्य दुवै पक्षमा गुणस्तरीय प्रश्नपत्रबाट मात्र परीक्षणमा विश्वसनीयता र वैधता कायम गर्न सकिन्छ ।

मूल्याङ्कनको अवधारणा निकै पुरानो भएको पाइन्छ । सामान्य अर्थमा कुनै पनि विषयवस्तु वा चिजको लेखाजोखा, छानबिन वा जाँचबुझ गर्ने कार्य मूल्याङ्कन हो (ऐ. : ४) । मानिसले दैनिक जीवनका काम कारवाहीहरूमा गर्ने गल्ती, त्रुटि र कमजोरीहरूलाई सुधार गर्दै भावी सुधारात्मक क्रियाकलाप गर्दै जाने गर्दछ । जुन प्रक्रियालाई मूल्याङ्कन भनिन्छ (शर्मा र अन्य, २०६२ : १०७) । मूल्याङ्कन एक बृहत् अवधारणा हो । मूल्याङ्कनको बहुप्रचलित साधनको रूपमा रहेको प्रश्नपत्रको अध्ययन विश्लेषणको प्रचलन पनि निकै लामो रहेको पाइन्छ ।

शैक्षिक प्रशासनको विकेन्द्रीकरण स्वरूप हाल स्थानीय तहमा विभिन्न शैक्षिक गतिविधिहरू सञ्चालन गरिँदै आएको छ । हाल विद्यालय तहका विभिन्न परीक्षाहरू नगर स्तरबाट सञ्चालन हुने गर्दछन् । विद्यार्थीहरूको समग्र पक्षको मूल्याङ्कनमा लिखित परीक्षा कम विश्वसनीय बन्दै गएको वर्तमान सन्दर्भमा भाषिक सीपहरूको परीक्षण पराम्परागत रूपमा प्रचलित लिखित परीक्षाबाट गर्नु एक चुनौतीपूर्ण कार्य बन्दै गएको छ । नगर स्तरबाट प्रश्न निर्माण गरी परीक्षा सञ्चालन गरिए तापनि प्रश्न निर्माण, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण, प्रश्नपत्र तथा परीक्षाको जाँच र अनुगमन तथा उत्तर पुस्तिका सम्परीक्षण जस्ता विषयमा कुनै ठोस नीति तथा कार्यक्रम बनेको पाइदैन । यसले गर्दा नगर्र स्तरबाट भएका परीक्षा र मूल्याङ्कन विश्वसनीयता र वैधताका दृष्टिले कमजोर बन्न पुगेको देखिन्छ ।

यो अध्ययन कक्षा ८ को नगर स्तरीय परीक्षामा उपयोग गरिएका प्रश्नहरू प्रश्नपत्रको मापदण्ड, गुण, विशेषता अनुरूप स्तरीय भए नभएको पहिचान गर्ने तथा ती प्रश्नपत्रले विद्यार्थीको भाषा सम्बन्धी पढाइ, लेखाइ तथा एकीकृत सीप मूल्याङ्कन गर्न सके नसकेको कुराको अध्ययनमा केन्द्रित रहेको छ । यस शोधकार्यमा विभिन्न नगरद्वारा कक्षा ८ को अनिवार्य नेपाली विषयको परीक्षामा उपयोग गरिएका नगर स्तरीय प्रश्नपत्रहरूको विशिष्टता, स्तरीयता, स्पष्टता, क्रमबद्धता, विद्यार्थीको स्तर अनुकूल विश्वसनीयता र वैधताको अध्ययन बाह्य र आन्तरिक आधारमा गरी शोधकार्यलाई निष्कर्षमा पुऱ्याइएको छ ।

## १.२ समस्या कथन

हाल विद्यालय तहमा नगर स्तरबाट प्रश्नपत्र निर्माण गरी मूल्याङ्कन गर्ने नीति अवलम्बन गरिएको छ। यस सन्दर्भमा प्रश्नपत्र निर्माण गर्ने कार्य एक चुनौतीपूर्ण कार्य हो। नगर स्तरबाट निर्मित प्रश्नहरूको उपयुक्तता, विश्वसनीयता, वैधता तथा क्रमबद्धतालाई यस शोधकार्यको मुख्य समस्याको रूपमा लिइएको छ।

प्रश्नको जाँच तथा मूल्याङ्कनको कुनै व्यवस्था नरहेको हुँदा नगर स्तरबाट निर्मित प्रश्नपत्रहरूमा धेरै कमजोरी  रहेको पाइन्छ। यस्ता प्रश्नपत्रहरूमा विश्वसनियता, वैधता, व्यावहारिकता जस्ता पक्षहरू दुर्बल भएका कारण परीक्षणको गुणस्तर समेत घट्न गएको देखिन्छ। नगर स्तरका प्रश्नपत्र निर्माणमा देखिएका प्रस्तुत समस्याहरूको वस्तुस्थिति केलाई उपयुक्त तथ्य पत्ता लगाउनु प्रस्तुत शोध कार्यको मुख्य समस्या रहेको छ। विभिन्न नगरद्वारा निर्माण गरिएका प्रश्नपत्रहरूको तुलनात्मक विश्लेषण गरी प्राप्त निष्कर्षका आधारमा  आवश्यक सुझाव प्रस्तुत गर्नु पनि यस शोधकार्यको समस्या रहेको छ।

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क. कक्षा ८ को नगर स्तरीय परीक्षाका प्रश्नहरू पाठ्यक्रम र विशिष्टीकरण तालिका अनुरूप भएनभएको पत्ता लगाउनु।

ख. उक्त प्रश्न पत्रहरूको बाह्य र आन्तरिक आधारमा तुलनात्मक अध्ययन र विश्लेषण गर्नु।

ग. उक्त प्रश्न पत्र अध्ययनबाट प्राप्त कमी कमजोरीहरू औँल्याएर सुधारका आवश्यक सुझाव प्रस्तुत गर्नु।

## १.४ अनुसन्धानात्मक प्रश्नहरू

नेपालको शैक्षिक प्रणालीलाई विकेन्द्रीकरण गर्दै जाने क्रममा नगरस्तरीय नवीन धारणा हाल प्रयोगमा आइरहेको छ। नगरभित्र सञ्चालित विद्यालयहरूको शैक्षणिक गतिविधिमा सहयोग गर्नुका साथै परीक्षा व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी नगरमा नै रहेको

हुन्छ । परीक्षाको प्रमुख अङ्ग प्रश्नपत्र हो । नगर भित्रका विद्यालयहरूमा नगरबाट प्रश्न निर्माण गरी सम्पूर्ण विद्यालयमा नगर स्तरीय प्रश्नहरूको उपयोग गरिन्छ ।

यो शोधकार्य नगर स्तरमा प्रश्न निर्माण गर्दा अपनाइने विधि, सिद्धान्त तथा सावधानीको अध्ययनका साथै निर्मित प्रश्नपत्रहरूको बाह्य र आन्तरिक आधारमा विश्वसनीयता, वैधता जस्ता पक्षहरूसँग सम्बन्धित निम्न प्रश्नहरूमा केन्द्रित रहेको छ ।

क) नगर स्तरमा प्रश्नपत्र निर्माण गर्दा के-कस्ता विधि र सिद्धान्तका आधारमा बनाइन्छ ?

ख) नगर स्तरीय कक्षा ८ का नेपाली विषयका प्रश्नपत्रहरू निर्माण गर्दा विशिष्टीकरण तालिकाको उपयोग के-कसरी गरिएको छ ?

ग) विभिन्न चरणका परीक्षाहरूमा पाठ्यांशको विभाजन र पूर्णाङ्क निर्धारण के-कसरी भएको छ ?

घ) प्रश्नपत्रहरू विश्वसनीयता र वैधताको अवस्था के-कस्तो छ ?

ङ) प्रश्नपत्रहरूमा प्रयोग भएको भाषिक शुद्धता के-कस्तो छ ?

च) प्रश्नपत्रहरू भाषिक सीपको मूल्याङ्कन गर्न कत्तिको सक्षम छन् ?

छ) विभिन्न नगरद्वारा निर्माण गरिएका प्रश्नपत्रहरूमा के-कस्ता समानता र भिन्नताहरू रहेका छन् ?

ज) नगर स्तरमा प्रश्न निर्माण गर्दा के-कस्ता कमीकमजोरी भएका छन् ? र तिनको न्यूनीकरण कसरी गर्न सकिन्छ ?

झ) प्रश्नपत्रहरू निर्माण गर्दा पाठ्यक्रमको उपयोग के कसरी गरिएको छ ?

## १.५ अध्ययनको औचित्य र महत्त्व

प्रश्नपत्र विश्लेषण सम्बन्धी विभिन्न अध्ययनहरू यस अघि पनि भएको पाइन्छ । यस अध्ययनसँग सम्बन्धित पूर्वकार्यको अध्ययनबाट २०७५ सालमा कक्षा ८ को नगर स्तरीय परीक्षामा उपयोग गरिएका प्रश्नहरूको आन्तरिक र बाह्य आधारमा, विशिष्टीकरण

तालिका तथा पाठ्यक्रमका आधारमा हालसम्म कुनै अध्ययन नभएको स्पष्ट हुँदा यस अध्ययनको औचित्य र महत्त्व रहेको छ ।

आधारभूत तहको पाठ्यक्रम अनुसार कक्षा ८ को नेपाली भाषा विषयका प्रश्नहरूको अध्ययन गरी के-कति उपयुक्त र स्तरयुक्त छन्, के-कति कमीकमजोरी छन् र त्यसको सुधारका लागि प्रश्न निर्माण गर्ने विद्यमान अवस्थाप्रति सुझाव प्रस्तुत गर्न यो अध्ययन सान्दर्भिक हुने ठानिएको छ । यस अध्ययनबाट विद्यार्थी, शिक्षक, अभिभावक, परीक्षक र प्रश्नपत्र निर्माणकर्तालाई उचित सल्लाह सुझाव प्राप्त हुने भएकाले यस अध्ययनको औचित्य रहेको छ ।

## १.६ अध्ययनको सीमा

मोरङ जिल्लाका विभिन्न नगरमा वि.सं. २०७५ मा कक्षा ८ को नगर स्तरीय परीक्षामा उपयोग गरिएका प्रश्नपत्रको विश्लेषण तथा तुलनात्मक अध्ययनमा मात्र यो शोधकार्य केन्द्रित रहेको छ । यस अध्ययनलाई निम्न सीमा भित्र सीमाङ्कन गरिएको छ ।

- मोरङ जिल्लाका सुन्दरहरैंचा, उर्लाबारी र पथरी शनिश्चरे नगरपालिकामा वि.सं. २०७५ मा कक्षा ८ को नगरस्तरीय परीक्षामा उपयोग गरिएका प्रश्नपत्रहरूको विश्लेषण एव्म् तुलनात्मक अध्ययन मात्र गरिएको छ ।
- उक्त प्रश्नहरूको अध्ययन पाठ्यक्रम विशिष्टीकरण तालिका विश्वसनीयता र वैधताका आधारमा मात्र गरिएको छ ।
- यस अध्ययनमा प्रश्नपत्रहरूको आन्तरिक र बाह्य आधारमा मात्र विश्लेषण गरिएको छ ।
- उक्त प्रश्नहरूको सैद्धान्तिक तथा भाषिक रूपमा मात्र अध्ययन गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कनको एउटा भरपर्दो साधन प्रश्नपत्र हो । विद्यार्थीका लेखन सीप, बोध सीपसम्बन्धी क्षमताको मापनका लागि मूल्याङ्कनमा प्रश्नपत्रको उपयोग गरिन्छ । मानव समाजको स्थापना, विकास र विस्तारसँगै प्रत्यक्ष वा परोक्ष रूपमा कुनै पनि वस्तु, घटना, चिज, प्रक्रिया आदिको लेखाजोखा, छानबिन, जाँचबुझ, ठिकबेठिक छुट्याउने जस्ता क्रियाकलाप भएको पाइन्छ । मानव सभ्यताको जटिलताको क्रमसँगै मूल्याङ्कनका प्रक्रियाहरूमा पनि विकास र विस्तार हुँदै गएको पाइन्छ (ज.ब.रा. र अन्य, २०६७ : ८) । हाल मूल्याङ्कनमा विभिन्न नवीन प्रयोगहरू हुँदै आएका छन् ।

कुनै पनि कार्यक्रमको अन्त्यपछि उक्त कार्यक्रमको मूल्याङ्कन गरिने र त्यसबाट कार्यक्रमको लेखाजोखा हुने गर्दछ । शिक्षा क्षेत्रमा पनि निर्धारित उद्देश्य प्राप्तिका लागि शिक्षण सिकाइ कार्यक्रम सञ्चालन हुन्छन् । शिक्षण सिकाइबाट विद्यार्थीमा अपेक्षित परिवर्तन आयो-आएन, उपलब्धि हासिल भयो-भएन जस्ता कुराको लेखाजोखा गर्ने प्रक्रिया मूल्याङ्कन हो । यसलाई शिक्षण सिकाइको चक्रिय प्रक्रियाभित्रको एक अभिन्न अङ्गको रूपमा लिइन्छ (पराजुली र अन्य, २०६७ : ५) । मूल्याङ्कनले शिक्षणको उद्देश्य पूरा हुन नसक्नुका कारणहरू खोजी सुधारात्मक शिक्षण योजना बनाउन सहयोग गर्छ ।

“मूल्याङ्कन एउटा आधुनिक वैज्ञानिक धारणा हो, जुन मापनभन्दा बढी व्यापक हुन्छ । यसमा गुणात्मक एवम् सङ्ख्यात्मक मापनका साथै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण प्रक्रिया, शिक्षण सामग्री आदिको समेत लेखाजोखा पर्दछन्,” (ज.ब.रा. र अन्य, २०६७ : ११) । शिक्षासँग सम्बन्धित सम्पूर्ण शैक्षिक प्रक्रिया र गतिविधिको लेखाजोखा गर्ने आधार मूल्याङ्कन भएकाले शिक्षण सिकाइ प्रक्रियाबाट अपेक्षित उपलब्धि हासिल भयो-भएन भनी विद्यार्थीको सिकाइ उपलब्धिको मापनका लागि पनि मूल्याङ्कन आवश्यक हुन्छ । विद्यार्थीका सिकाइ उपलब्धि परीक्षणमा मूल्याङ्कनको भरपर्दो साधनका रूपमा प्रश्नपत्रको

उपयोग गरिन्छ । विद्यार्थीका लेखन सीप, बोध सीप र पढाइ सीपसम्बन्धी क्षमताको मापनका लागि मूल्याङ्कनको एउटा साधनका रूपमा प्रश्नपत्रको उपयोग गरिन्छ ।

विद्यार्थी उत्तीर्ण अनुत्तीर्ण तथा कक्षोन्नति सम्बन्धी निर्णय गर्नका लागि परीक्षामा पश्नपत्रको उपयोग गर्ने परम्परा रहेको छ । वर्तमान मूल्याङ्कन प्रणालीमा प्रयोगात्मक परीक्षाका लागि थोरै पूर्णाङ्क निर्धारण गरे तापनि लिखित परीक्षाका लागि भने धेरै पूर्णाङ्क राखिएको पाइन्छ । प्रयोगात्मक तथा शिक्षक निर्मित परीक्षा विद्यालयको मापदण्ड र अनुकूलतामा जुनसुकै समयमा जुनै तरिकाले सञ्चालन गर्ने प्रावधान रहे तापनि सामान्यताः नगर स्तरीय लिखित परीक्षा निश्चित समयमा निश्चित मापदण्ड अनुसार, निश्चित अङ्कभार कायम गरी सञ्चालन गर्ने गरिन्छ । यसर्थ नगर स्तरीय परीक्षाहरूमा उपयोग गरिने प्रश्नपत्रमा स्तरीयता, मानकता र एकरूपता जस्ता गुण हुनु आवश्यक हुन्छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

प्रश्न विश्लेषणसँग सम्बन्धित भएर विभिन्न अनुसन्धानहरू सम्पन्न भएका छन् । यहाँ यस अध्ययनसँग सम्बन्धित पूर्व साहित्यहरूको सङ्क्षिप्त विश्लेषण निम्नानुसार प्रस्तुत गरिएको छ :

गौतम (२०६६) द्वारा कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६४ मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन शीर्षकको शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य आन्तरिक र बाह्य विशेषताका आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्नु, प्रश्नलाई पाठ्यक्रम तथा पाठ्यपुस्तक अनुरूपताका दृष्टिले अध्ययन गर्नु, विशिष्टीकरण तालिका अनुसार प्रश्नपत्र निर्माण गरे नगरेको कुरा पत्ता लगाई प्रश्नमा भएका कमजोरी पत्ता लगाएर प्रश्नपत्र सुधारका लागि आवश्यक सुझावहरू दिनु रहेको पाइन्छ । मूलत पुस्तकालयीय विधिको प्रयोग गरिएको उक्त शोधपत्रमा बाह्य र आन्तरिक आधारका उपआधारमा प्रश्न विश्लेषण गरी निर्देशन, अङ्क विभाजन, समय निर्धारण, प्रस्तुति अनुक्रम, कागजको स्तर, छपाइ आदिका दृष्टिले प्रश्नपत्रहरू कमजोर रहेको निष्कर्ष निकाल्दै आवश्यक सुधारका लागि सुझावहरू प्रस्तुत गरिएको छ । कक्षा ८ को अन्तिम परीक्षाको

प्रश्नपत्रको विश्लेषण गरिएको प्रस्तुत शोधकार्यमा प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन हुन नसकेको देखिन्छ ।

खनाल (२०६९) द्वारा प्रवेशिका परीक्षा २०६७ का पाँच विकास क्षेत्रका अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन शीर्षकमा शोधकार्य पूरा भएको छ । बाह्य वैधताका आधारमा भाषिक सीप मापनका दृष्टिले उपयुक्तता पत्ता लगाउनु, आन्तरिक आधारमा प्रतिनिधि प्रश्नपत्रहरूले माध्यमिक तहको पाठ्यक्रम अनुरूप विद्यार्थीको भाषिक क्षमता मापन गर्न सके नसकेको पत्ता लगाउनु, विशिष्टीकरण तालिका अनुरूप प्रश्नपत्र निर्माण भए नभएको पत्ता लगाउनु जस्ता उद्देश्य राखी यो शोधकार्य पूरा गरिएको छ । मूलतः पुस्तकालयीय अध्ययन विधि र विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको यस शोधकार्यमा बाह्य र आन्तरिक आधारअन्तर्गत विभिन्न उपआधारहरू तय गरी प्रश्नपत्रको निर्देशन, अङ्क विभाजन, समय निर्धारण, प्रस्तुति अनुक्रम, स्वरूप र भाषा तथा पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन जस्ता आधारमा प्रश्नपत्र कमजोर रहेको निष्कर्ष निकाली आवश्यक सुझाव प्रस्तुत गरिएको छ । प्रस्तुत शोधकार्य प्रवेशिका परीक्षा २०६७ का पाँच विकास क्षेत्रका प्रश्नपत्रको विश्लेषणमा सीमित भएको छ ।

दाहाल (२०६९) द्वारा कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६७ मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन शीर्षकमा शोधकार्य पूरा गरिएको छ । प्रतिनिधि प्रश्नहरू पाठ्यक्रम, पाठ्य पुस्तक र विशिष्टीरण तालिकाअनुरूप भए नभएको पत्ता लगाउनु, बाह्य र आन्तरिक वैधता पत्ता लगाउनु, प्रश्नपत्रमा भएका समानता र असमानता पत्ता लगाउनु तथा अध्ययनबाट प्राप्त कमीकमजोरी औंल्याएर सुधारका लागि सुझाव दिनु भन्ने उद्देश्य राखी यो शोधकार्य पूरा गरेको देखिन्छ । मूलतः पुस्तकालयीय अध्ययन विधि र विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको उक्त शोधपत्रमा बाह्य तथा आन्तरिक आधार र उपआधारहरू तय गर्दै बाह्य आधारमा प्रश्नपत्रको स्वरूप, निर्देशन, अङ्क विभाजन र समय निर्धारण प्रस्तुति अनुक्रम, भाषा तथा आन्तरिक आधारका दृष्टिले पाठ्यक्रम, भाषिक सीपगत, विधागत आधारहरूमा प्रश्नपत्रको विश्लेषण गर्दै बाह्य र आन्तरिक दुवै वैधताका दृष्टिले प्रश्नहरू कमजोर रहेको निष्कर्ष निकाली सुधारका लागि आवश्यक सुझाव पेस गरिएको छ । पूर्वाञ्चलका इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा गरी पाँच जिल्लाहरूका प्रश्नपत्रहरूको अध्ययन विश्लेषणमा सीमित प्रस्तुत शोधकार्यमा तुलनात्मक अध्ययन हुन नसकेको देखिन्छ ।

अधिकारी (२०७४) द्वारा आधारभूत तह उत्तीर्ण (२०७३) मा नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन शीर्षकमा शोधकार्य पूरा गरिएको छ । प्रतिनिधि प्रश्नहरू पाठ्यक्रम, पाठ्यपुस्तक र विशिष्टीकरण तालिका अनुरूप भए नभएको पत्ता लगाउनु बाह्य र आन्तरिक वैधता पत्ता लगाउनु, प्रश्नपत्रमा भएका समानता र असमानता पत्ता लगाउनु तथा अध्ययनबाट प्राप्त कमीकमजोरी औल्याएर सुधारका लागि सुझाव दिनु भन्ने उद्देश्य राखी यो शोधकार्य पूरा गरेको देखिन्छ । मूलत : पुस्तकालयीय अध्ययन विधि र विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको उक्त शोध पत्रमा बाह्य तथा आन्तरिक आधार तय गर्दै बाह्य आधारमा प्रश्नपत्रको स्वरूप, निर्देशन, अङ्क विभाजन र समय निर्धारण प्रस्तुति, अनुक्रम, भाषा तथा आन्तरिक आधारका दृष्टिले पाठ्यक्रम, भाषिक, सिपगत, विधागत आधारहरूमा प्रश्न पत्रको विश्लेषण गर्दै बाह्य र आन्तरिक वैधताका दृष्टिले प्रश्नहरू कमजोर रहेको निष्कर्ष निकाली सुधारका लागि आवश्यक सुझाव पेस गरिएको छ ।

गुप्ता (२०७४) “कक्षा आठको जिल्ला स्तरीय परीक्षा (२०७२) मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन” शीर्षकमा शोधकार्य पूरा गरिएको छ । २०७२ सालमा उपयोग गरिएका जिल्ला स्तरीय परीक्षाका प्रतिनिधि प्रश्नहरू पाठ्यक्रम पाठ्यपुस्तक र विशिष्टीकरण तालिका अनुरूपताको अध्ययन गर्नु, उक्तप्रश्नहरूको विश्वसनीयता, वैधता र उपयोगिता पत्ता लगाउनु, जिल्ला स्तरीय परीक्षामा उपयोग गरिएका प्रश्नहरूमा पाइने समानता र असमानता पत्ता लगाउनु जस्ता उद्देश्य राखी यो शोधकार्य गरिएको छ । यस शोधकार्यमा आन्तरिक र वाह्य आधार तय गर्दै वाह्य आधारमा प्रश्नपत्रको स्वरूप, निर्देशन, अङ्कविभाजन र समय निर्धारण प्रस्तुतिक्रम भाषा तथा आन्तरिक आधारका दृष्टिले पाठ्यक्रम, भाषिक सीप, विधागत आधारहरूमा प्रश्नपत्रको विश्लेषण गर्दै बाह्य र आन्तरिक दुवै वैधका दृष्टिले प्रश्नहरू कमजोर रहेको निष्कर्ष निकाली सुधारका लागि आवश्यक सुझाव पेस गरिएको छ । प्रस्तुत शोधकार्य जिल्ला स्तरीय परिक्षा २०७२ का तिन जिल्लाका प्रश्नपत्रको विश्लेषणमा सीमित रहेको छ ।

उपर्युक्त विविध शीर्षकमा प्रश्न विश्लेषणसम्बन्धी अनुसन्धानहरू भइसके पनि हालसम्म कुनै अध्येताले कक्षा ८ को २०७५ सालको नेपाली विषयका नगर स्तरीय प्रश्नहरूको तुलनात्मक अध्ययन विषयमा अध्ययन अनुसन्धान नगरेकाले यो अध्ययन नै यस क्षेत्रको प्रारम्भिक अध्ययन रहेको छ ।

## २.३ अध्ययनका लागि पुनरवलोकनको उपादेयता

प्रश्नपत्र मूल्याङ्कनको एक भरपर्दो साधन हो । प्रश्नपत्र अध्ययनसँग सम्बन्धित थुप्रै शोधकार्य भएको पाइन्छ । यस अध्ययनमा प्रश्नपत्र विश्लेषणसँग सम्बन्धित प्राप्त सामग्रीहरूको यथासक्य पुनरावलोकन गरिएको छ । प्रश्नपत्रको विश्लेषण गरिएका धेरै जसो अध्ययनहरू कक्षा ८ को जिल्ला स्तरीय परीक्षा र एस.एल.सी. परीक्षाका प्रश्नपत्रहरूको अध्ययनमा केन्द्रित रहेका छन् । यस अध्येताको खोजका क्रममा नगर स्तर वि.सं. २०७५ को कक्षा ८ को नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन विश्लेषण गरिएका कुनै पनि सामग्रीहरू प्राप्त भएका छैनन् । यसले गर्दा यो शोध कार्यमा प्रस्तुत विषयलाई शोध शीर्षकको रूपमा छनोट गरिएको हो ।

प्रस्तुत शोधकार्यमा सम्बन्धित पूर्व साहित्यको गहन अध्ययन गरी विषयवस्तुको पुनरावृत्ति नहोस् भन्ने बारेमा विशेष सजकता अपनाइएको छ । पूर्व अध्ययन पद्धति तथा अध्ययनमा रहेका सबल पक्षको अनुसरण तथा कमजोर पक्षको परित्याग गरी अध्ययनलाई सकेसम्म वस्तुगत र सत्यतथ्य बनाउने प्रयत्न गरिएको छ । यस क्रममा शोध विषयसँग प्रत्यक्ष सम्बन्ध राख्ने शिक्षक, विद्यार्थी तथा विभिन्न व्यक्ति, संस्था, जानिफकार, र विशेषज्ञहरूसँग आवश्यक छलफल र परामर्श लिई अध्ययनलाई सत्य, तथ्य र वस्तुनिष्ठ बनाउने प्रयत्न गरिएको हुँदा यस अध्ययनमा सम्बन्धित साहित्यको पुनरावलोकनको उपादेयता रहेको छ ।

## २.४ सैद्धान्तिक एवम् अवधारणात्मक ढाँचा

प्रश्नपत्र मूल्याङ्कन गर्ने प्रमुख साधन हो । प्रश्नपत्रबाट मात्र विद्यार्थीको क्षमताको वास्तविक मूल्याङ्कन हुन सक्दछ । प्रश्नपत्र निर्माणका निश्चित मान्यता र सिद्धान्तहरू रहेका हुन्छन् । त्यस्ता सिद्धान्तको पालना गरेर निर्माण गरेका प्रश्नपत्रहरूले मात्र विद्यार्थीहरूको भाषिक सीपको मूल्याङ्कन गर्न सक्दछ । यहाँ प्रश्नपत्र निर्माणका प्रचलित सिद्धान्त, मान्यता र प्रचलनका आधारमा निर्धारित प्रश्नपत्रहरूको अध्ययन विश्लेषण गरिएको छ । प्रश्नपत्रको अध्ययन विश्लेषणका लागि निम्न अनुसारको अवधारणात्मक ढाँचा अवलम्बन गरिएको छ :

प्रस्तुत अध्ययनमा क्षेत्र अध्ययनअन्तर्गत निर्धारित नगरमा गई प्रश्न निर्माणको व्यवस्था र प्रक्रिया बुझी प्रश्नपत्रको सङ्कलन गरिएको छ । त्यस्तै पुस्तकालयीय विधिको प्रयोग गरी पूर्व सामग्री तथा प्रश्न निर्माणका स्थापित सिद्धान्तहरूको व्याख्या र विवेचना गरिएको छ । प्रश्नपत्र निर्माणका बाह्य र आन्तरिक आधारमा सङ्कलित प्रश्नपत्रहरूको वर्गीकरण र विश्लेषण गरी यथार्थ निष्कर्ष निकालिएको छ । अध्ययनका क्रममा पत्ता लागेका तथ्य र निष्कर्षका आधारमा सम्बन्धित क्षेत्रलाई सुझाव प्रस्तुत गरिएको छ ।

## परिच्छेद तीन

# अध्ययनको विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

अनुसन्धान आफैँमा एउटा जटिल कार्य हो । अनुसन्धन कार्यमा अध्ययन ढाँचा र विधि एक महत्त्वपूर्ण अङ्गका रूपमा रहेको छ । यस अध्ययनमा सामग्री सङ्कलनपछि तुलनात्मक विधि र पुस्तकालयीय विधिको प्रयोग गरिएको छ। मोरङ जिल्लाका सुन्दरहरैँचा, उर्लाबारी र पथरी शनिश्चरे नगरपालिकामा २०७५ सालमा निर्माण गरिएका प्रश्नहरूको तुलनात्मक अध्ययनमा केन्द्रित यो अनुसन्धान खासगरी वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचामा रहेको छ। यस अध्ययनमा कक्षा ८ को नेपाली विषयको अन्तिम परीक्षामा उपयोग गरिएका स्वरूपगत वर्णन गरी प्रश्नहरूको अवस्थाका बारेमा प्रकाश पारिएको छ भने विशिष्टिकरण तालिका, वैधता, विश्वसनीयता तथा तुलनाका आधारमा उक्त प्रश्नको विश्लेषण गरिएको छ।

यो अनुसन्धान मूलतः सामग्री सङ्कलन विधिमा केन्द्रित रहेको छ । यस क्रममा छनोटमा परेका ३ वटा नगरपालिकाबाट प्रश्नहरूको सङ्कलन गरिएको छ। २०७५ सालमा मोरङ जिल्लाका सुन्दरहरैँचा, उर्लाबारी, पथरीशनिश्चरे नगरपालिकाबाट निर्माण गरिएका प्रश्नहरूको सङ्कलन गरी आन्तरिक र वाह्य आधारअन्तर्गत विशिष्टीकरण तालिका, विश्वसनियता, वैधता तथा पाठ्यक्रमका आधारमा प्रश्नपत्रहरूको तुलनात्मक अध्ययनमा यो शोधकार्य केन्द्रित रहेको छ।

## ३.२ जनसङ्ख्या नमुना र नमुना छनोट रणनीति

प्रस्तुत शोधकार्यका लागि मोरङ जिल्ला सुन्दरहरैँचा, उर्लाबारी र पथरीशनिश्चरे नगरलाई अध्ययनको क्षेत्रका रूपमा लिइएको छ। अध्ययन क्षेत्रसँग सम्बन्धित यी नगरहरूले २०७५ सालमा निर्माण र उपयोग गरेका कक्षा ८ को अनिवार्य नेपाली विषयका प्रश्नपत्रलाई अध्ययनका लागि लिइएको हुँदा सत्प्रतिशत नमुना छनोट रणनीति प्रस्तुत शोधकार्यमा अवलम्बन गरिएको छ।

प्रस्तुत शोधकार्यमा निर्धारित क्षेत्रको नगरमा गई प्रश्नहरू सङ्कलन गरिएको छ । यस क्रममा सम्बन्धित नगरका विद्यालयमा गई विषय शिक्षकहरूसँग छलफल गरी सत्यतथ्य सामग्री सङ्कलनलाई प्राथमिकता दिइएको छ ।

## ३.३ अध्ययनको क्षेत्र

प्रस्तुत शोधकार्यको मूल उद्देश्य नगर स्तरका प्रश्नपत्रहरूको अध्ययन गर्नु रहेको छ । अध्ययनका लागि मोरङ जिल्लाका सुन्दरहरैंचा, उर्लाबारी र पथरीशनिश्चरे नगरहरूलाई अध्ययनको क्षेत्र बनाइएको छ । ती नगर स्तरमा कक्षा ८ को नेपाली विषयको २०७५ सालको अन्तिम परीक्षामा सोधिएका प्रश्नपत्रहरूको अध्ययन यस अध्ययनको विषयगत क्षेत्र रहेको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका

प्रस्तुत शोधकार्यमा प्राथमिक र द्वितीय दुवै स्रोतका सामग्रीको प्रयोग गरिएको छ । प्राथमिक स्रोतका रूपमा निर्धारित नगरहरूमा गई प्रश्नपत्र सङ्कलन गरिएको छ भने कतिपय प्रश्नपत्र सम्बन्धित विद्यार्थीहरूबाट लिइएको छ । त्यसैगरी द्वितीय स्रोतका रूपमा सम्बन्धित विषय क्षेत्रका पूर्व शोधपत्र, विश्वविद्यालय तहका विभिन्न पाठ्यक्रम, पाठ्यपुस्तक, विशिष्टीकरण तालिका तथा विभिन्न पुस्तक, पत्रपत्रिका, लेख, रचनाहरूको अध्ययन गरी आवश्यक सामग्री सङ्कलन गरिएको छ । खास गरी प्रश्नपत्र निर्माणका आधार र सिद्धान्तहरूको खोज अनुसन्धानका लागि प्रस्तुत शोधकार्य पुस्तकालयीय अध्ययनमा आधारित भई अगाडि बढाइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत शोधकार्यमा अध्ययन क्षेत्रका नगरबाट प्रश्नपत्रहरूको सङ्कलन गरिएको छ । यसका साथै नेपाली विषयका शिक्षकहरू, शोधकार्य पूरा गरेका अग्रजहरूको सल्लाह, सुझाव, अन्य पाठ्यपुस्तकहरूको अध्ययन र सम्बन्धित साहित्यको पुनरावलोकन गरी थप सामग्रीहरूको सङ्कलन गरिएको छ । मूल रूपमा प्रस्तुत शोधकार्य पुस्तकालयीय अध्ययन विधिबाट तयार गरिएको हुँदा सम्बन्धित साहित्यको पुनरवलोकनलाई नै प्राथमिकता दिइएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

कुनै पनि अनुसन्धान कार्यका लागि तथ्याङ्क सङ्कलन गरिसकेपछि ती सूचना वा तथ्याङ्कहरूको व्याख्या र विश्लेषण गर्नुपर्ने हुन्छ । यस अध्ययनमा सर्वप्रथम प्रश्न निर्माणका आधार, मान्यता र सिद्धान्तहरूको गहन रूपमा लेखाजोखा गरिएको छ । यस क्रममा पूर्व सामग्रीहरूको प्रशस्त अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

प्रस्तुत शोधकार्यमा सङ्कलित प्रश्नहरूको अवस्था, स्वरूप र प्रकृतिको समग्र वर्णन गरिएको छ । शोधकार्यको उद्देश्यअनुसार आन्तरिक र बाह्य आधारमा प्रश्नपत्रको वैधताको परीक्षण गरिएको छ । यसका लागि आवश्यक तालिकाको प्रयोग गरी उक्त नगरका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन गरिएको छ ।

परिच्छेद : चार

# नतिजाको व्याख्या एवम् विश्लेषण

## ४.१ पाठ्यक्रम र विशिष्टीकरण तालिकाको आधारमा प्रश्नपत्रको अध्ययन

प्रश्नापत्र विद्यार्थीको शैक्षिक उपलब्धि मापन गर्ने एक महत्वपूर्ण साधन हो । शिक्षण सिकाइ क्रियाकलाप गरिसकेपछि पाठ्यक्रमले निर्धारण गरेका शैक्षिक उद्देश्यहरू विद्यार्थीले के कति हासिल गर्न सके वा सकेनन् भनि प्रश्नपत्रका माध्यमबाट मापन गरिन्छ । मूल्याङ्कनको अनिवार्य तत्त्वका रूपमा प्रश्नपत्रलाई लिइन्छ । निश्चित मापदण्ड र मान्यताका आधारमा निर्माण गरिएका प्रश्नपत्रहरूबाट मात्र विद्यार्थीको वास्तविक सीप, ज्ञान र क्षमताको मापन हुन सक्छ (शर्मा र पौडेल, २०६७ : ३५९) । नेपालका विद्यालयहरूमा विभिन्न कक्षाका विभिन्न चरणहरूका परीक्षा शिक्षक निर्मित प्रश्नपत्रका आधारमा साथै जिल्लास्तरीय आधारमा गरिने परम्परागत प्रचलनको अन्त्य गर्दै नगरस्तरीय परीक्षा गरिनु सकारात्मक परिवर्तनको रूपमा देख्न सकिन्छ । यद्यपि उचित स्रोत साधनको अभाव, नीतिगत व्यवस्थाको अभाव तथा आवश्यक तालिम र व्यवस्थापनको अभावका कारण नगरस्तरीय परीक्षाबाट अपेक्षित उपलब्धि प्राप्त हुन सकेको छैन ।

प्रस्तुत शोधकार्यमा प्रश्नपत्रलाई कक्षा आठको नेपाली विषयको पाठ्यक्रमसँग तुलना गर्दै प्रश्नपत्रको उपयुक्ततालाई विश्लेषण गरिएको छ । पाठ्यक्रम एउटा बृहत योजना हो । यसले समग्र शैक्षिक प्रणालीलाई निर्देशित गरेको हुन्छ । आधारभूत शिक्षा पाठ्यक्रम २०६९ अनुसारको विशिष्टीकरण तालिका, २०६९ सँग अध्ययन कार्यमा उपयोग गरिएका मोरङ जिल्लाका तिन नगरपालिकाहरू सुन्दरहरैँचा न.पा., पथरी शनिश्चरे न.पा. र उर्लाबारी न.पा.का प्रश्नहरूलाई तुलना गरी प्रश्नपत्रमा सङ्कलित एकएक प्रश्नहरूलाई अध्ययन गरी प्रश्नपत्र र विशिष्टीकरण तालिका बीचको अनुरूपतालाई प्रस्तुत गरिएको छ ।

## ४.२ प्रश्नपत्रहरूको बाह्य र आन्तरिक आधारमा प्रश्नपत्रको विश्लेषण

### ४.२.१ बाह्य आधारमा विश्लेषण

प्रश्नको बाह्य आधार भन्नाले प्रश्नको आकार प्रकार र स्वरूप भन्ने बुझिन्छ । बाह्य आधार अन्तर्गत प्रश्नपत्रको किनारा छोडाइ, कागजको स्तर, निर्देशन, अङ्क विभाजन,

प्रस्तुति अनुक्रम, स्वरूप, भाषा आदि पक्षको विश्लेषण पर्दछ । यसरी यस अध्ययनमा प्रश्नपत्रमा भएको आकृतिगत वैधतालाई केलाउने काम गरिएको छ ।

### ४.२.१.१ प्रश्नपत्रको स्वरूप

स्वरूप भनेको प्रश्नपत्रको अनुहार हो तथा रूपरङ्ग हो । स्वरूपअन्तर्गत शीर्ष भाग, उपशीर्ष भाग, आकार, प्रश्न सङ्ख्या, पृष्ठ, कागज, छपाइ र सफाइ सम्बन्धी विषयहरू पर्दछन् । प्रयोग गरिएका प्रश्नपत्रहरू स्वरूपका दृष्टिले उपयुक्त र स्तरयुक्त हुनुपर्दछ । यस अध्ययनमा निर्धारित प्रश्नहरूको स्वरूपगत विश्लेषण निम्न शीर्षकअन्तर्गत गरिएको छ ।

क) शीर्ष भाग

प्रश्नपत्रको पहिलो पृष्ठको सवैभन्दा माथिल्लो भागमा लेखिने अंशलाई शीर्ष भाग भनिन्छ । प्रश्नपत्रको शीर्ष भागमा सम्बन्धित संस्थाको नाम स्पष्ट सुरु र ठूला अक्षरमा लेख्नु राम्रो मानिन्छ । यसै आधारमा प्रश्नपत्रहरूको शीर्षक भागको अवस्था निम्न अनुसार पाइन्छ :

१. सुन्दरहरैंचा : आधारभूत शिक्षा उत्तीर्ण परीक्षा २०७५

२. पथरी शनिश्चरे : आधारभूत शिक्षा उत्तीर्ण परीक्षा २०७५

३. उर्लाबारी नगरपालिका : आधारभूत शिक्षा उत्तीर्ण परीक्षा २०७५

यसरी सुन्दरहरैंचा न.पा. पथरीका शनिश्चरे न.पा. र उर्लाबारी न.पा.को प्रश्नको शीर्ष भागमा समानता देखिए पनि उर्लाबारी न.पा.ले नगरपालिकाको नाम उल्लेख गरेको छ भने सुन्दरहरैंचा न.पा. र पथरी शनिश्चरे न.पा.ले प्रश्नपत्रमा आफ्नो नगरपालिका उल्लेख गरेको छैन ।

ख) उपशीर्ष भाग

उपशीर्ष भागअन्तर्गत प्रश्नका लागि लिखित निर्देशन र प्रश्न नं. सहित प्रश्न सुरु नभएसम्मको भागलाई यस खण्डमा राखेर अध्ययन गरिएको छ । यस अन्तर्गत निम्न भाग पर्दछन् :

१) विषय

२) समय

३) पूर्णाङ्क

४) उत्तीर्णाङ्क

प्रश्नपत्रहरूको उपशीर्ष भागको प्रस्तुतीकरण

तालिका नं. १

उपशीर्ष भागका एकाइ

| नगरपालिका | उपशीर्ष भागका एकाइ | | | | |
|---|---|---|---|---|---|
| | विषय | कक्षा | समय | पूर्णाङ्क | उत्तीर्णाङ्क |
| सुन्दरहरैंचा | नेपाली | ८ | २ घण्टा १५मि. | ७५ | ३० |
| पथरी शनिश्चरे | नेपाली | | २ घण्टा १५ मि. | ७५ | |
| उर्लाबारी | नेपाली | ८ | २ घण्टा १५ मि. | ७५ | ३० |

स्रोत : पथरीशनिश्चरे, सुन्दरहरैंचा, उर्लाबारी नगरपालिका सक्कल प्रश्नपत्र

यसरी माथिको तालिकालाई हेर्दा उपशीर्ष भागमा एकाइ अन्तर्गत सुन्दरहरैंचा, पथरीशनिश्चरे, उर्लाबारी नगरपालिकाको प्रश्नपत्रमा समय २ घण्टा १५ मिनेट, पूर्णाङ्क ७५ समान छ । सुन्दरहरैंचा र उर्लाबारी नगरपालिकाको प्रश्न पत्रमा उत्तीर्णाङ्क ३० उल्लेख गरिएको छ भने पथरीशनिश्चरेको प्रश्नपत्रमा उत्तीर्णाङ्क उल्लेख गरिएको छैन । त्यस्तै सुन्दरहरैंचा र उर्लाबारी नगरपालिकाको प्रश्नपत्रमा कक्षा आठ लेखिएको छ भने पथरी शनिश्चरे नगरपालिकाको प्रश्न पत्रमा कक्षा उल्लेख गरिएको छैन ।

ग) आकार

प्रश्नपत्रको लम्बाइ र चौडाइको अवस्थालाई आकार भनिन्छ । प्रश्नपत्र लामो, छोटो र मध्यम खालको बनाउने कुरा नै आकार हो । प्रश्नपत्र यस्तै हुनुपर्छ भन्ने कुनै पनि

सैद्धान्तिक मान्यता छैन तथापि प्रश्नपत्र भन्दा किसिमको हुनु राम्रो मानिदैन । प्रश्नको प्रकृति, परीक्षण उद्देश्य, पूर्णाङ्क तथा प्रश्नको सङ्ख्याले यसको आकारले निर्धारणमा भूमिका निर्वाह गरेको हुन्छ । यस दृष्टिले हेर्दा प्रतिनिधि प्रश्न पत्रहरू उपयुक्त मानिन्छन् ।

घ) प्रश्न सङ्ख्या

प्रश्नपत्रमा प्रश्न सङ्ख्याले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । मूलत : विशिष्टीकरण तालिकाको आधारमा प्रश्नपत्रको सङ्ख्या निर्धारण गरिन्छ । प्रश्न सङ्ख्या निर्धारण पूर्णाङ्क र विषय क्षेत्रले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यहाँ निर्धारित प्रश्नपत्र हेर्दा सुन्दरहरैंचा, पथरीशनिश्चरे र उर्लाबारी नगरपालिकाका प्रश्न सङ्ख्या १७ ओटाका दरले समान रहेका छन् । यसरी २०७५ सालमा सोधिएका प्रतिनिधि नगरपालिकाका प्रश्न सङ्ख्यालाई हेर्दा ती प्रश्न पत्रहरू कक्षा आठका स्तरअनुकुल रहेका छन् ।

ङ) प्रश्न र पृष्ठ

स्वरूपका दृष्टिले एउटै प्रश्नपत्रलाई दुईओटा पृष्ठमा राखिनु उपयुक्त मानिँदैन तर कहिलेकाहीँ उपप्रश्नहरू भए भने भिन्न पृष्ठमा राखिनु पर्ने हुन्छ । यसले विद्यार्थीहरू झुक्किने सम्भावना हुन्छ । प्रश्न बुझ्न कठिन हुने र बारम्बार पल्टाइरहनु पर्ने झन्झट हुन्छ ।

अर्को पृष्ठमा पनि प्रश्न छ भन्ने जानकारी दिन पृष्ठ निर्देशन  वा सङ्केत दिनु पर्दछ । यसो गर्नाले परीक्षार्थी र परीक्षक अल्मलिने सम्भावनाबाट मुक्त रहन्छन् । पृष्ठ निर्देशन वा सङ्केत गर्ने क्रममा क्रमशः अर्कोपट्टि १,२,३ इत्यादि लेख्ने प्रचलन रहेको छ । सङ्केत प्रश्न नभएका प्रतिनिधि प्रश्नपत्रको अवस्था निम्नानुसारको देखिन्छ :

१. सुन्दरहरैंचा, पथरीशनिश्चरे र उर्लाबारी तीन वटै नगरपालिकाका प्रश्नहरूमा पाना नं. अर्कोपट्टि, १, २, ३ जस्ता सङ्केतहरू उल्लेख गरिएको छैन ।

२. पथरीशनिश्चरे र उर्लाबारी नगरपालिकाको प्रश्नपत्रमा 'क्रमशः' लेखिएको छैन भने सुन्दरहरैंचाको प्रश्नमा 'क्रमशः' लेखिएको छ ।

३. उर्लाबारी नगरपालिकाको प्रश्नपत्रको अन्त्यमा समाप्त भएको जानकारी दिइएको छ भने सुन्दरहरैंचा र पथरीशनिश्चरे नगरपालिकाका प्रश्नपत्रमा समाप्त नलेखी तीनवटा थोप्ला दिएर समाप्तको सङ्केत गरिएको छ ।

च) कागज

प्रश्नपत्रको स्वरूपलाई कागजको स्तरले पनि प्रभावित पार्दछ । सादा र रङ्गीन जुनसुकै उपयुक्त हुने भएतापनि रङ्गीन कागज प्रयोग गर्दा अक्षरहरूलाई बढी आकर्षित र सुन्दर बनाउन मद्दत गर्ने रङ्को प्रयोग गर्नु पर्दछ । यस आधारमा हेर्दा सुन्दरहरैँचा र उर्लाबारी नगरपालिकाको प्रश्नपत्रहरू सेतो कागजमा कालो रङको प्रयोग गरी छपाइएको छ भने पथरी शनिश्चरेको प्रश्नपत्र गुलावी रङको कागजमा कालो रङको प्रयोग गरी छपाइएको छ । सुन्दरहरैँचा नगरपालिका र पथरीशनिश्चरे नगरपालिकाको प्रश्नपत्र पातलो कागजमा छापिएको छ भने उर्लाबारी नगरपालिकाको प्रश्नपत्र चाहिँ अलि बाक्लो कागजमा छापिएको छ । यसरी तीन ओटै नगरपालिकाको प्रश्नपत्रको कागजमध्ये उर्लाबारी नगरपालिकाको प्रश्नपत्रको कागज तुलनात्मक रूपमा उपयुक्त देखिन्छ ।

छ) छपाइ र सकाइ

प्रश्नको रचना सकेपछि प्रश्नपत्रको छपाइ तथा प्याकिङ गर्नुपर्दछ । प्रश्नपत्रहरू छपाइको क्रममा अक्षरको उपयुक्त आकार, अनुच्छेद तथा वाक्य बीचको फरक, प्रश्नहरू बीचको खाली ठाउँ छोडाइ, स्पष्ट देखिने गाढा अक्षरका निर्देशन जस्ता कुराहरू प्रश्नपत्रको छपाइ अन्तर्गत पर्दछन् । समूह, उपसमूह इत्यादि भए त्यसमा सहजै देखिने गरी राखिनु पर्दछ । त्यसैगरी प्रश्नपत्रमा उपयुक्त किनारा (कम्तिमा चौतिर र से.मि.) छोडिएको हुनुपर्ने भएतापनि उर्लावारी नगरपालिकाको प्रश्नपत्रमा २ देखी २.५ से.मि. सम्म छोडिएको छ भने सुन्दरहरैँचा र पथरी नगरपालिकाका प्रश्नपत्रमा १ देखि १.५ से.मि. सम्म छोडेका कारण त्यस्तो सचेतता अपनाएको पाइँदैन ।

### ४.२.१.२ निर्देशन

प्रश्नपत्र तयार गरी एकत्रित वा सङ्गठित गर्ने कार्यका लागि परीक्षाको स्पष्ट निर्देशनहरू तयार गर्नु आवश्यक छ । परीक्षाको निर्देशन तयार गर्दा परीक्षाको उद्देश्य, उत्तरका लागि समय, उत्तरका लागि आधार र उत्तर दिने तरिका प्रश्नपत्रमा उल्लेख गरिएको हुनुपर्छ । निर्देशन अस्पष्ट र अशुद्ध, महत्त्वकाङ्क्षी, दोहोरो अर्थ लाग्ने खालको जटिल भयो भने प्रश्न एवम् परीक्षणीय उद्देश्यहरू सार्थक हुँदैनन् ।

क) शीर्ष निर्देशन

प्रश्नपत्रको शीर्ष भागमा रहने समग्र प्रश्नहरूको मूल निर्देशन नै शीर्ष निर्देशन हो । समय सीमा, प्रश्नको प्रकृति अनुसार निर्देशन सरल र वस्तुनिष्ठ तरिकाले प्रस्तुत गरिनु पर्दछ । उक्त दृष्टिकोणले हेर्दा वि.सं. २०७५ सालमा सोधिएका नगरस्तरीय प्रश्नपत्रमा पथरीशनिश्चरे नगरपालिकाले शीर्ष निर्देशनमा तलका सबै प्रश्नको उत्तर दिनुहोस् भनेको छ । सुन्दरहरैँचा ८ उर्लाबारी नगरपालिकाको प्रश्नपत्रमा त्यस्तो कुनै शीर्ष निर्देशन दिइएको छैन । यसलाई कमजोर पक्ष मानिन्छ ।

ख) प्रश्न निर्देशन

प्रत्येक प्रश्नका निर्देशनले प्रश्नको आशय, उद्देश्य, प्रक्रिया तथा सीमाहरू निर्धारण गरेको हुन्छ । प्रश्नपत्रलाई वैध, स्पष्ट, उद्देश्यपूर्ण सरल एवम् प्रभावकारी तुल्याउन प्रश्न निर्देशन सहायक तत्त्व हो । एउटा प्रश्नभित्र उपप्रश्नहरू रहने स्थितिमा त निर्देशन अझ आवश्यक हुन्छ । निर्देशन बिनाको प्रश्न अस्पष्ट अन्योलपूर्ण अपूर्ण र अवैधसमेत हुन्छ । यसैगरी कति प्रश्नहरूको उत्तर लामो वा छोटो लेख्ने त्यसैगरी उपप्रश्न निर्देशनले स्पष्ट पार्नु पर्दछ । यस आधारमा हेर्दा सङ्कलन गरिएका प्रतिनिधि प्रश्नहरूको स्थिति सन्तोषजनक नै मान्नु पर्छ । सबै नगरपालिकाले प्रतिनिधि प्रश्नपत्रमा स्पष्ट निर्देशन दिएको देखिन्छ ।

ग) विकल्प निर्देशन

पूर्व विचारलाई त्यागेर नयाँ विचार ल्याउनुलाई विकल्प भनिन्छ अर्थात् पूर्व निर्देशनलाई त्यागेर नयाँ वा अर्को निर्देशन गर्नुलाई विकल्प निर्देशन भनिन्छ । छनोट गर्न सकिने अवस्था विकल्प हो । भाषाका प्रश्नपत्रका विकल्प सहितका प्रश्नहरू राख्नु आफैँमा राम्रो मानिँदैन । यधपि परीक्षार्थीलाई सहज होस भनी विकल्पसहित प्रश्नहरू बनाउने प्रचलन अझै पनि यथावत नै छ । विकल्प निर्देशनलाई स्पष्ट पार्न पहिलो प्रश्नको अन्त्य पछि दोस्रो पङ्क्ति स्पष्ट देखिने गरी लेखेर मात्र विकल्प प्रश्न लेख्ने अवस्था मिलाउनु पर्छ । अङ्क वा अक्षरमा दिइने विकल्पमा एकरूपता हुनुपर्छ । यस आधारमा हेर्दा प्रतिनिधि प्रश्नहरूमा निम्न व्यवस्था पाइन्छ :

क) सुन्दरहरैँचा नगरपालिका : ५ ओटा प्रश्नमा विकल्प दिइएको

ख) पथरी शनिश्चरे  नगरपालिका : ५ ओटा प्रश्नमा विकल्प दिइएको

ग) उर्लाबारी नगरपालिका : ५ ओटा प्रश्नमा विकल्प दिइएको

यसरी हेर्दा तीन ओटै नगरपालिकाका प्रश्नपत्रमा विकल्प दिएको छ । यसमा समानता पाइयो । यस्ता  विकल्प दिइने प्रश्नहरूमा जीवनी, निवेदन, व्याख्या, सङ्क्षिप्त प्रश्न, विवेचनात्मक प्रश्न, निवन्ध लेख्नेजस्ता प्रश्नहरू परेका छन् ।

घ) पृष्ठ निर्देशन

पृष्ठ भनेको पाना हो । भाषाका प्रश्नपत्रहरू केही लामा नै हुने भएकाले एउटै पृष्ठमा अटाउन गाह्रो हुन्छ । यस्तो अवस्थामा एकभन्दा बढी पृष्ठ गर्नु पर्ने हुन्छ । अर्को पृष्ठमा पनि छ भनि जानकारी दिनु पृष्ठ निर्देशन हो । यसबाट परीक्षार्थी र परीक्षक दुवै झुक्किने सम्भावनाबाट मुक्त हुन्छन् । पृष्ठ निर्देशन गर्ने क्रममा क्रमशः अर्कोपट्टि १,२,३ आदि जस्ता लेख्ने प्रचलन रहेको पाइन्छ । त्यसैगरी प्रश्न समाप्त भएको सङ्केत पाउनका लागि समेत पृष्ठ निर्देशन अनिवार्य महत्वपूर्ण मानिन्छ । उक्त आधारमा प्रतिनिधि प्रश्नहरूको स्थिति निम्नानुसारको रहेको छ :

क) सुन्दरहरैंचा नगरपालिकाको प्रश्नपत्रको पृष्ठहरूमा एउटा पृष्ठमा contd.... उल्लेख गरिएको र अन्यमा केही उल्लेख नगरिएको तर अन्त्यमा – ●●●– यस्तो सङ्केतले समाप्त भन्ने जनाएको छ ।

ख) पथरीशनिश्चरे नगरपालिकाको प्रश्नपत्रको पृष्ठहरूमा केही उल्लेख गरिएको तर अन्त्यमा  ♦♦♦ यस्तो सङ्केतले समाप्त भन्ने जनाएको छ ।

ग) उर्लाबारी नगरपालिकाको प्रश्नपत्रको पृष्ठमा केही उल्लेख नगरिएको अन्त्यमा समाप्त उल्लेख गरिएको छ ।

यसरी हेर्दा तीन ओटै नगरपालिकाले पृष्ठ निर्देशनलाई बेवास्ता गरेको देखिन्छ । यसबाट परीक्षार्थी र परीक्षकलाई कुनै विषय छुट्यो कि भन्ने शङ्का हुने प्रश्न नम्बरको क्रमिकतालाई हेर्न झन्झट हुन्छ । अन्त्यमा आएर तीन ओटै नगरपालिकाले अन्त्य भएको भनी निर्देशन दिइएको छ ।

घ) समय निर्देशन

समय निर्देशन भनेको प्रश्नपत्र गर्न कति समय हो भनी तोकिएको समय निर्देशन हो । प्रश्नपत्रको शीर्ष भागमा नै कति समयमा प्रश्नको उत्तर दिइनुपर्ने हो । त्यसको स्पष्ट निर्देशन दिइनु पर्दछ । बेग्लाबेग्लै प्रकृति, (विषयगत, वस्तुगत) का प्रश्नका लागि बेग्लाबेग्लै समय निर्देशन गर्नु आवश्यक छ । समय निर्देशनले निश्चित समय सीमाभित्र प्रश्नको उत्तर दिन परीक्षार्थीलाई महत्त्वपूर्ण आधार प्रदान गर्दछ । यसबारे अगाडि तालिका नं. १ मा उल्लेख गरिएको छ ।

च) अङ्क निर्देशन

उपयुक्त प्रश्नपत्रको शीर्ष भागमा पूर्णाङ्क तथा उत्तीर्णाङ्कको अङ्क निर्देशन गर्नु आवश्यक हुन्छ । यसरी यस अध्ययनमा उपयोग गरिएका प्रश्नपत्रहरूका पूर्णाङ्क, उत्तीर्णाङ्क तथा समयलाई तालिका नं. १ मा उल्लेख गरिसकिएको छ । सोही पूर्णाङ्कलाई आधार बनाई प्रश्नपत्रहरूमा प्रश्नहरू वितरण गरिनुका साथै प्रश्नहरूका अङ्क निर्देशन गरिन्छ । यसले प्रश्नको उपयुक्ततालाई तथा औचित्यलाई मध्यनजर गरी हरेक प्रश्नको उत्तर दिएबापत कति अङ्क पाउने सङ्केत गर्छ । यसले प्रश्नको मूल्यअनुसार समय सीमामा बाँधिन परीक्षार्थीलाई सहयोग गर्छ । परीक्षामा सफल हुन परीक्षार्थीले समयको व्यवस्थापन गरी योजनाबद्ध ढङ्गले राम्रो अङ्क प्राप्त गर्न मद्दत गर्दछ । उक्त आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अङ्क निर्देशन निम्नानुसार गरिएको छ :

तालिका नं. : २

अङ्क निर्देशन

| क्र.सं. | नगरपालिका | प्र.सं. | पू. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुन्दरहरैँचा | १७ | ७५ | ३ | ३ | ४ | ४ | ३ | १ | ३ | ४ | ४ | ५ | ५ | ४ | ४ | ८ | ४ | ८ | ८ |
| २ | पथरी शनिश्चरे | १७ | ७५ | ३ | ३ | ४ | ४ | ३ | १ | ३ | ४ | ४ | ५ | ५ | ४ | ४ | ८ | ४ | ८ | ८ |
| ३ | उर्लाबारी | १७ | ७५ | ३ | ३ | ४ | ४ | ३ | १ | ३ | ४ | ४ | ५ | ५ | ४ | ४ | ८ | ४ | ८ | ८ |

यसरी माथिको तालिकालाई अध्ययन गर्दा सुन्दरहरैँचा, पथरीशनिश्चरे र उर्लाबारी नगरपालिकाले जम्मा १७ ओटा प्रश्न सङ्ख्या समान छन्। पूर्णाङ्क तीन ओटै नगरपालिका प्रश्नपत्रमा ७५ नै रहेको छ। तीन ओटै नगरपालिका १७ ओटा प्रश्नमा समान अङ्क दिइएको छ। यसरी हेर्दा अङ्क निर्देशनमा तीन ओटै नगरपालिकाको समानता रहेको देखिन्छ।

### ४.२.१.३ अङ्क विभाजन र समय निर्धारण

कुनै पनि प्रश्नपत्रमा अङ्क विभाजन र समय निर्धारण आवश्यक हुन्छ। अङ्क र समयको असन्तुलनले उत्तर दिइएको सघनता र सङ्गठनमा परीक्षार्थीहरूलाई प्रत्यक्ष रूपमा प्रभावित पार्न सक्छ। यिनको सन्तुलन नभएमा विद्यार्थीहरूको मापनमा समेत बाधा पुग्छ। प्रश्नपत्रको प्रकृति, कठिनाइ स्तर, उत्तरको आकार आदि कुराका आधारमा अङ्क र समय निर्धारण गर्नुपर्ने हुन्छ। विवेचनात्मक किसिमका र सिर्जनात्मक खालका प्रश्नका उत्तरका लागि पढी समय खर्चिनुपर्ने भएकाले त्यस्ता प्रश्नका लागि बढी अङ्क राख्नु पर्ने हुन्छ। यस अध्ययनमा उपयोग गरिएका प्रतिनिधि प्रश्नपत्रहरूमा उल्लिखित गरिएको समय निर्देशन पूर्णाङ्कको अनुपातलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ३

अङ्क विभाजन र समय निर्धारण

| क.सं. | न.पा. | पूर्णाङ्क | समय | अनुपात |
|---|---|---|---|---|
| १ | सुन्दरहरैँचा | ७५ | २ घण्टा १५ मिनेट | १.८ मिनेट |
| २ | पथरीशनिश्चरे | ७५ | २ घण्टा १५ मिनेट | १.८ मिनेट |
| ३ | उर्लाबारी | ७५ | २ घण्टा १५ मिनेट | १.८ मिनेट |

स्रोत : सुन्दरहरैँचा, पथरीशनिश्चरे र उर्लाबारी न.पा. सङ्कलन प्रश्नपत्रहरू

तालिका अनुसार सुन्दरहरैँचा, पथरीशनिश्चरे र उर्लाबारी तीनवटै नगरपालिकाको ७५ पूर्णाङ्को परीक्षामा २ घण्टा १५ मिनेट समय वितरण गरेकाले प्रति प्रश्नका लागि परीक्षार्थीले उत्तर दिन १.८ मिनेट समय खर्चिनु पर्ने अवस्था छ। यसरी तीन ओटै नगरपालिकाका पूर्णाङ्क, समय, उत्तर दिनुपर्ने अनुपात समय एकै किसिमको देखिन आएको छ।

### ४.२.१.४ प्रस्तुति र अनुक्रम

प्रश्नपत्रमा विद्यार्थीहरूलाई परीक्षणका लागि तयार गरिएका प्रश्नहरूको रखाइको क्रम प्रस्तुति अनुक्रम हो। एउटा असल प्रश्नपत्रमा प्रश्नहरूको प्रस्तुति र अनुक्रमले ठुलो

भूमिका खेलेको हुन्छ । प्रश्नहरू भिन्न भिन्न हुन्छ, शब्दार्थ, शब्द पहिचान वाक्यमा प्रयोग, सारांश लेखन, कालपक्ष, भाव, वाच्य परिवर्तन सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूको रखाई सरलबाट जटिलतातिरका अनुक्रममा हुनु आवश्यक छ । प्रतिनिधि प्रश्नपत्रको वितरण निम्न अनुक्रममा गरिएको देखिन्छ ।

तालिका नं. ४

प्रश्नहरूको प्रस्तुति अनुक्रम

| सुन्दरहरैँचा | | पथरी शनिश्चरे | | उर्लाबारी | |
|---|---|---|---|---|---|
| प्र.नं. | प्रश्नका प्रकार | प्र.नं. | प्रश्नका प्रकार | प्र.नं. | प्रश्नका प्रकार |
| १ | शब्दार्थ | १ | शब्दार्थ | १ | शब्दार्थ |
| २ | शब्द पहिचान | २ | शब्द पहिचान | २ | शब्द पहिचान |
| ३ | वाक्य निर्माण | ३ | वाक्य निर्माण | ३ | वाक्य निर्माण |
| ४ | शुद्धीकरण | ४ | शुद्धीकरण | ४ | शुद्धीकरण |
| ५ | पदवर्ग छुट्याउने | ५ | पदवर्ग छुट्याउने | ५ | पदवर्ग छुट्याउने |
| ६ | कारक छुट्याउने | ६ | कारक छुट्याउने | ६ | कारक छुट्याउने |
| ७ | कालपक्ष र भाव | ७ | कालपक्ष र भाव | ७ | कालपक्ष र भाव |
| ८ | वाक्य परिवर्तन | ८ | वाक्य परिवर्तन | ८ | वाक्य परिवर्तन |
| ९ | वाक्य रचना -वर्णन | ९ | वाक्य रचना -वर्णन | ९ | वाक्य रचना -वर्णन |
| १० | बोध प्रश्नोत्तर | १० | बोध प्रश्नोत्तर | १० | बोध प्रश्नोत्तर |
| ११ | बुँदा टिपोट र सा.ले. | ११ | बुँदा टिपोट र सा.ले. | ११ | बुँदा टिपोट र सा.ले. |
| १२ | जीवनी लेखन वा चिठी लेखन | १२ | कथा वा संवाद | १२ | कथा वा संवाद |
| १३ | भाव विस्तार | १३ | व्याख्या | १३ | व्याख्या |
| १४ | सङ्क्षिप्त उत्तर | १४ | सङ्क्षिप्त उत्तर | १४ | सङ्क्षिप्त उत्तर |
| १५ | तार्किक शिल्प | १५ | तार्किक शिल्प | १५ | तार्किक शिल्प |
| १६ | विवेचनात्मक उत्तर | १६ | विवेचनात्मक उत्तर | १६ | विवेचनात्मक उत्तर |
| १७ | निबन्ध लेखन | १७ | निबन्ध लेखन | १७ | निबन्ध लेखन |

स्रोत : प्रतिनिधि प्रश्नहरू

यसरी प्रतिनिधि प्रश्नपत्रलाई अध्ययन गर्दा प्रस्तुति अनुक्रममा सुन्दरहरैँचा, पथरीशनिश्चरे र उर्लाबारी तिन ओटै नगरपालिकाका प्रश्नपत्रमा शब्दभण्डार, व्याकरणबाट सुरु भई सारांश लेखन, जीवनी, चिठी सङ्क्षिप्त उत्तर विवेचनात्मक उत्तर, निबन्ध लेखनमा अन्त्य गरिएको छ । प्रश्न नं. १३ मा चाही सुन्दरहरैँचाको प्रशनपत्रमा भाव विस्तार गर्नु भनिएको छ भने पथरी र उर्लाबारी नगरपालिकाका प्रश्नमा व्याख्या गर्नु भनिएको छ । तीन ओटै नगरपालिकाका प्रश्नपत्रहरूमा लगभग पूर्ण रूपमा समानता रहेको पाइन्छ । तिन ओटै नगरपालिकाले २०६९ को विशिष्टीकरण तालिका अनुसार नै प्रश्नपत्र तयार गरेको पाइन्छ । तिनओटै जिल्लाको प्रस्तुति र अनुक्रम मिलेको पाइन्छ । यो प्रश्न निर्माणको राम्रो पक्ष हो ।

### ४.२.१.५ भाषा

प्रश्नपत्रमा भाषाको निकै महत्व रहेको हुन्छ । यदि भाषामा एउटै मात्र अक्षर छुट्यो वा बढी भयो भने अर्थको अनर्थ हुनसक्छ । तसर्थ प्रश्नपत्रमा भाषाका वर्ण विन्यासगत त्रुटि, पदयोग, पदवियोग तथा लोपगत त्रुटिहरू हुन सक्छ । प्रतिनिधि प्रश्नपत्रको यस्ता त्रुटिहरू निम्नानुसार चर्चा गरिएको छ ।

क) वर्ण विन्यास सम्बन्धी त्रुटि

वर्ण विन्यास सम्बन्धी त्रुटिलाई वर्ण विन्यास/हिज्जे वर्तनीगत त्रुटिका रूपमा लिइन्छ । यस अन्तर्गत ह्रस्व-दीर्घ सम्बन्धी, शिरबिन्दु-चन्द्रविन्दु सम्बन्धी त्रुटिलाई लिएको छ । तीन ओटै नगरपालिकाका प्रतिनिधि प्रश्नहरूमा ह्रस्व -दीर्घ सम्बन्धी त्रुटि पाइदैन । यसलाई प्रश्न निर्माणको सबल पक्ष मानिन्छ ।

ख) पदयोग र पदवियोग सम्बन्धी त्रुटि

एउटै डिकोमा लेख्नु पर्ने पदलाई फरक फरक डिकोमा लेख्नु र फरक फरक डिकोमा लेख्नुपर्ने पदलाई एउटै डिकोमा लेख्नु नै पदयोग-वियोगसम्बन्धी त्रुटि हो । प्रतिनिधि प्रश्नमा भएका पदयोग-वियोग सम्बन्धी त्रुटिहरूलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं ५

पदयोग-वियोग सम्बन्धी त्रुटि

| नगरपालिका | प्र.सं. | पदयोग वियोग सम्बन्धी त्रुटि | हुनुपर्ने |
|---|---|---|---|
| सुन्दरहरैँचा | १२ | दक्षिण बाहु | दक्षिणबाहु |
| पथरी | - | - | - |
| उर्लाबारी | १३ | - | - |

स्रोत : प्रतिनिधि प्रश्नपत्रहरू

यसरी माथिको तालिकालाई हेर्दा पदयोग वियोग सम्बन्धी त्रुटि सुन्दरहरैँचा नगरपालिकाको प्रश्नपत्रमा एक ठाउँमा भएको छ भने पथरीशनिश्चरे र उर्लाबारी नगरपालिकाको प्रश्नपत्रमा पदयोग-वियोगसम्बन्धी त्रुटि भएको पाइँदैन ।

ग) वर्ण तथा अक्षर लोपसम्बन्धी त्रुटि

प्रश्न लेख्ने वा छाप्ने कार्य गर्दा कुनै अक्षर दोहोरिने र कुनै अक्षर लोप हुने अवस्था रहन्छ । यस्तो अवस्थालाई वर्ण तथा अक्षर लोपसम्बन्धी त्रुटि भनिन्छ । वर्ण तथा अक्षरको लोप तथा थपोटले अर्थको अनर्थ लाग्ने हुँदा उत्तरमा असर पर्ने गर्दछ । त्यसैले प्रश्न निर्माण गर्दा निर्माता अत्यन्तै सचेत हुनुपर्छ । प्रतिनिधि प्रश्नपत्रमा वर्ण अक्षर लोप तथा थपोटगत त्रुटिको अवस्था यसप्रकार छ :

तालिका नं. ६

वर्ण तथा अक्षर लोप सम्बन्धी त्रुटि

| नगरपालिका | प्र.सं. | वर्ण तथा अक्षर लोप सम्बन्धी त्रुटि | हुनुपर्ने |
|---|---|---|---|
| सुन्दरहरैँचा | १ | उत्तरपुस्तिकामा | उत्तरपुस्तिकामा |
| | ६ | पत्ता | पत्ता |
| | १० | गद्यांश | गद्यांश |
| | १२ | उत्तर | उत्तर |
| पथरीशनिश्चरे | | - | - |
| उर्लाबारी | ४ | महत्व | महत्त्व |
| | १४ | संक्षिप्त | सङ्क्षिप्त |

स्रोत : प्रतिनिधी प्रश्नपत्रहरू

माथिको तालिकालाई हेर्दा सुन्दरहरैँचा नगरपालिकाको प्रश्नपत्रमा सबैभन्दा बढी वर्ण/अक्षर थपोट सम्बन्धी त्रुटि देखिन्छन् । पथरीशनिश्चरे न.पा.को प्रश्नपत्रमा वर्ण/अक्षर थपोटसम्बन्धी त्रुटि देखिँदैन भने उर्लावारी न.पा.को प्रश्नपत्रमा थोरै मात्र वर्ण/अक्षर थपोट त्रुटि देखिन्छ । भाषा विषयमा सङ्केत चिन्हको प्रयोगले पनि विशेष महत्व राख्ने हुँदा चिन्ह प्रयोगमा समेत सचेतता अपनाउनु पर्ने देखिन्छ ।

## ४.२.२ आन्तरिक आधारमा प्रश्नपत्रको तुलनात्मक विश्लेषण

प्रश्नपत्र विश्लेषणको एक महत्त्वपूर्ण आधारको रूपमा आन्तरिक पक्षलाई लिइन्छ । बाह्य आधारमा प्रश्नपत्रको विश्लेषण गर्दा यसले प्रश्नपत्रको स्वरूप वा बाहिरी आँखाले देखिने पक्षलाई मात्र केन्द्रित गर्छ । असल प्रश्नपत्र निर्माण गर्न बाह्य आधारको जति महत्त्व हुन्छ, त्यो भन्दा बढी महत्त्व आन्तरिक आधारको हुन्छ । प्रश्नपत्रको आन्तरिक बनोटले परीक्षणको दिशा निर्धारण गर्दछ, सीमाङ्कन गर्दछ र उद्देश्य हासिल गर्न मद्दत गर्दछ ।

उपयुक्त र स्तरीय प्रश्नपत्रको निर्माण कार्यमा विभिन्न पक्षहरूको ज्यादै ठुलो भूमिका रहेको हुन्छ । विश्वसनीयता र वैधताको हिसावले प्रश्नपत्र तयार पार्दा पाठ्यक्रम, पाठ्यपुस्तक र विशिष्टीकरण तालिकाको महत्त्व र भूमिका उल्लेखनीय रहेको यिनै पक्षका आधारमा प्रश्नहरू निर्माण हुने गर्दछ ।

प्रश्नपत्र निर्माणका लागि आधार मानिने आन्तरिक आधारहरू बीच प्रश्नपत्रको उपयुक्तता पत्ता लगाउन सकिन्छ । यहाँ आन्तरिक आधारहरूबीच प्रश्नपत्र निर्माण विश्लेषणका लागि निम्न आधारहरू तय गरिएको छ :

### ४.२.२.१ भाषिक सीपगत आधारमा प्रश्नपत्रको वितरण

भाषा शिक्षण भनेको भाषाका बारेमा शिक्षण नभई भाषिक सीपहरूको शिक्षण हो । भाषिक सीपअन्तर्गत सुनाइ बोलाइ, पढाइ, लेखाइ जस्ता सीपहरू रहेका छन् । यी चारवटा सीपहरूको शिक्षण भाषा शिक्षणमा गरिन्छ । यसरी प्रश्नपत्रमा मूल्याङ्कनका साधनहरू वितरण गर्दा परीक्षार्थीको भाषिक सीपको क्षमता तथा स्तर मापन गर्ने प्रकृतिका साधनहरू समावेश गर्न सकेमा मात्र नेपाली विषय शिक्षणको निर्दिष्ट उद्देश्य हासिल हुन्छ । प्रश्नपत्रमा भाषिक सीपहरूको उपयुक्त संयोजन गरे त्यो प्रश्नपत्र बढी वैध हुन्छन् । यस अध्ययनमा भाषिक पक्षहरूको संयोजन र सन्तुलनका आधारमा निर्धारित प्रश्नहरूको निम्नानुसार विभिन्न उपशीर्षक राखी विश्लेषण गरिएको छ ।

क) सुनाइ र बोलाइ सीप

आधारभूत शिक्षा पाठ्यक्रम २०६९ को विशिष्टीकरण तालिका अनुसार कक्षा ८ को परीक्षामा २५ प्रतिशत सुनाइ र बोलाइको प्रयोगात्मक मूल्याङ्कन गर्ने प्रावधान रहेको छ ।

ख) पढाइ सीप

भाषिक सीप विकासका चार सीपहरूमध्ये पढाइ एक महत्त्वपूर्ण सीप हो । लिखित सामग्रीको वाचन गर्दा गति, यति, आरोह, अवरोह अघात हाउभाउ र स्तरीय अभ्यासका लागि वाचन आवश्यक हुन्छ । बोलाइ लागि संवाद, वादविवाद, नाटक, कविता वाचन आवश्यक हुन्छ । आधारभूत तहको पाठ्यक्रम २०६९ मा पढाइ सीप विकासका लागि कथा, प्रबन्ध, निबन्ध रूपक जीवनी विधाको उपयोग गर्न सकिने कुरा उल्लिखित छ ।

पढाइ सीपअन्तर्गत बोध क्षेत्र र सारांश लेखन क्षेत्रसँग सम्बन्धित हुने गरी गद्य विधाबाट १० अङ्कभार अर्थात् कुल पूर्णाङ्कको १० प्रतिशत वितरण गरी प्रश्नहरू समावेश गर्नुपर्ने प्रावधान पाठ्यक्रमले निर्धारण गरेको छ । पढाइ सीपका लागि प्रतिनिधि नगरपालिकाका प्रश्नपत्रमा गरिएको अङ्कभारको वितरण तलको तालिकामा देखाइएको छ :

तालिका नं. ७

पढाइ सीपका लागि अङ्कभार वितरण

| नगरपालिका | बोध क्षेत्रको अङ्क भार | सारांश क्षेत्रको अङ्कभार | प्र.नं. |
|---|---|---|---|
| सुन्दरहरैंचा | ५ | ५ | ११ |
| पथरीशनिश्चरे | ५ | ५ | ११ |
| उर्लाबारी | ५ | ५ | ११ |

सबै प्रतिनिधि नगरपालिकाले पाठ्यक्रमको निर्देशन पालना गरी पढाइ सीपका लागि बरावर भएका बोध तथा लेखनका लागि अङ्कभार छुट्याएका छन् ।

ग) लेखाइ सीप

आधारभूत तहको पाठ्यक्रम २०६९ ले पढाइ र लेखाइ सीपका लागि कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी र रूपक विधाहरू उपयोगका लागि सिफारिस गरेको छ । सुनाइ र बोलाइको परीक्षण प्रयोगात्मक परीक्षणबाट गर्नुपर्ने व्यवस्था छ । पढाइ र लेखाइ सीपका लागि २४ अङ्क छुट्याइएको छ । जसमा पाठगत प्रश्नोत्तर र संक्षिप्त उत्तरात्मकका लागि १२ अङ्क विवेचनात्मक प्रश्नका लागि ८ अङ्क र भाव विस्तार व्याख्याका लागि ४ अङ्क छुट्याएको छ ।

घ) व्याकरण

आधारभूत पाठ्यक्रम अनुसार व्याकरणलाई १९ अङ्कभार छुट्याइएको छ । आधारभूत तहमा व्याकरण समावेश गर्नुको मुख्य अभिप्राय सैद्धान्तिक पक्षको ज्ञान गराउनु

नभई विधाका पाठहरूको प्रकृतिअनुसार भाषा तत्त्वको पहिचान र तिनको उपयुक्त प्रयोग गर्नु क्षमता विकासका लागि यसलाई पाठ्यक्रममा समावेश गरिएको हो । व्याकरण विधालाई मूल्याङ्कन कार्यमा प्रस्तुत गर्दा निर्धारित नियमहरूमा आधारित प्रश्नहरू निर्माण नगरी उदाहरण र प्रयोग सम्बद्ध प्रश्नहरू निर्माण गरिनुपर्छ ।

प्रतिनिधि नगरपालिकाका प्रश्नपत्रहरूमा व्याकरणअन्तर्गत शब्दवर्ग कारक, विभक्ति, कालपक्ष र भाव वाक्य परिवर्तन, वाक्य रचना र शुद्धीकरणसँग सम्बन्धित प्रश्नहरूलाई प्रश्नपत्रहरूमा पाठ्यक्रम अनुरूपकै आधारमा अङ्कभार निर्धारण गरेको पाइन्छ ।

ङ) शब्दभण्डार

शब्दभण्डारअर्न्तगत शब्दार्थ अर्थलेखन, पर्यायवाची शब्द अनेकार्थी शब्द विपरीतार्थी, परिभाषिक/प्राविधिक शब्द वाक्य निर्माण, उखान टुक्का, श्रुतिसमभिन्नार्थक शब्द समावेश्य, असमावेश्य शब्द, उखानटुक्का, अनुकरणात्मक आदि शब्द पर्दछन् । आधारभूत तहको पाठ्यक्रम २०६९ अनुसार शब्दभण्डारलाई १० अङ्कभार छुट्याइएको छ ।

### ४.२.२.२ विधाका आधारमा प्रश्नपत्रको वितरण

आधारभूत तहको नेपाली विषयको पाठ्यक्रम २०६९ ले नेपाली विषयका लागि विधा तथा विषयवस्तुलाई निर्दिष्ट गरेको छ । यसप्रकार प्रतिनिधि नगरपालिकाका प्रश्नहरूमा समावेश भएका मूल्याङ्कनका साधनहरू सफल भए नभएको पत्ता लगाई तुलनात्मक विश्लेषण गर्नु यसको मूल अभिप्राय हो ।

क) कथा विधा

कथा सिकाइको मुख्य उद्देश्य विद्यार्थीहरूमा कथानात्मक अभिव्यक्ति सीपको विकास गर्नु हो । यस कथा विधाअन्तर्गत लोककथा/नीतिकथा, पौराणिक/ऐतिहासिक कथा र सामाजिक कथाहरू समावेश छन् । कथानात्मक अभिव्यक्ति भन्नाले मौखिक तथा लिखित कथनलाई लिइन्छ । वस्तुतः कथा सिकाइका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सीपको विकास गर्नुपर्दछ । कथा विधाबाट पाठगत बोध, सारांश, घटनाक्रम, मिलाउने भाव विस्तार तथा रचनासँग, सम्बन्धित प्रश्न निर्माण गरी विद्यार्थीको मूल्याङ्कन गरिनुपर्दछ ।

यसरी प्रतिनिधि नगरपालिकाका प्रश्न पत्रहरूमा समावेश कथा विधामा आधारित प्रश्नहरूको वितरण स्थितिलाई तलको तलिकामा प्रस्तुत गरिएको छ :

तालिका -८

सुन्दरहरैंचा न.पा. कथा विधाका लागि अङ्कभार वितरण

| क.सं. | प्रश्नका प्रकार | प्र.नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | निर्देशित रचना | १३) क. | १ | ४ | ऐच्छिक |
| २ | भाव विस्तार | १३) ख. | १ | ४ | ऐच्छिक |
| ३ | तार्किक प्रश्न | १५ | १ | ४ | अनिवार्य |
| ४ | विवेचनात्मक उत्तर | १६) ख. | १ | ८ | ऐच्छिक |

तालिका -८.१

पथरीशनिश्चरे न.पा. कथा विधाको लागि अङ्कभार वितरण

| क.सं. | प्रश्नका प्रकार | प्र.नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | निर्देशित प्रश्न | १२ | १ | ४ | ऐच्छिक |
| २ | संक्षिप्त उत्तरात्मक | १४) ग. | १ | ४ | ऐच्छिक |
| ३ | तार्किक प्रश्न | १५ | १ | ४ | अनिवार्य |
| ४ | विवेचनात्मक उत्तर | १६) क. | १ | ८ | ऐच्छिक |

तालिका -८.२

उर्लाबारी न.पा. कथा विधाको लागि अङ्कभार वितरण

| क.सं. | प्रश्नका प्रकार | प्र.नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | निर्देशित प्रश्न | १२ | १ | ४ | ऐच्छिक |
| २ | संक्षिप्त उत्तरात्मक | १४) क. | १ | ४ | ऐच्छिक |
| ३ | तार्किक प्रश्न | १५ | १ | ४ | अनिवार्य |
| ४ | विवेचनात्मक उत्तर | १६ | १ | ८ | ऐच्छिक |

यसरी प्रतिनिधि प्रश्नपत्रहरूमा कथा विधाबाट सोधिएका प्रश्नहरूको स्थितिलाई अध्ययन गर्दा सबै नगरपालिका प्रश्नपत्रमा कथा विधाबाट सोधिएका प्रश्नहरूलाई परीक्षार्थीका लागि ऐच्छिक बनाइएको छ। तीन ओटै नगरपालिकाका प्रश्नपत्रको प्रश्न नं. १५ मा कथा विधाको प्रश्न अनिवार्य राखेको छ। यो प्रश्नपत्रको राम्रो पक्ष मान्न सकिन्छ। अन्य सबै प्रश्नहरू ऐच्छिक राखिएको छ। यसैगरी प्रश्नपत्रलाई अङ्कभारको स्थितिमा सबै नगरपालिकाको प्रश्नपत्रमा कथा विधाबाट कुल १८ अङ्कका प्रश्न सोधिएका छन्।

ख) कविता विधा

कविता सिकाइको मुख्य उद्देश्य लयबोध, भावबोध र उच्चारण सीप विकास गर्नु हो , अतः कविता सिकाइ गर्दा विशेषत लययुक्त सस्वरवाचन, भाव पहिचान, प्रश्नोत्तर भावार्थ र भावविस्तार आदि क्रियाकलाप गराउनुका साथै कविताको अनुकरणात्मक र सिर्जनात्मक लेखनतिर प्रवृत्त गराउनु उपयुक्त हुन्छ भनि आधारभूत तहमा कविता विधा राखिएको छ। आधारभूत तह अर्न्तगत छन्दोबद्ध कविता, लोक, कविता, गीति कविता, गद्य कविता समावेश गरिएको छ। कविता विधाबाट भाव विस्तार व्याख्या, सङ्क्षिप्त प्रश्नोत्तर पाठगत प्रश्नोत्तर गराउने कुरा विशिष्टीकरण तालिकामा प्रस्तुत गरिएको छ। कविता विधाका लागि प्रतिनिधि प्रश्नपत्रहरूको वितरण गरेको अङ्कभार स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ९

कविता विधाका लागि अङ्कभार वितरण

सुन्दरहरैंचा न.पा.

| क.सं. | प्रश्नका प्रकार | प्र.नं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | भाव विस्तार | १३ क | ४ | ऐच्छिक |
| २ | सङ्क्षिप्त प्रश्नोत्तर | १४ क | ४ | ऐच्छिक |
| | जम्मा | | ८ | |

तालिका नं. ९.१

कविता विधाका लागि अङ्कभार वितरवण

पथरीशनिश्चरे न.पा.

| क.सं. | प्रश्नका प्रकार | प्र.नं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | व्याख्या | १३ क | ४ | ऐच्छिक |
| २ | सङ्क्षिप्त प्रश्नोत्तर | १४ ख | ४ | ऐच्छिक |
| | जम्मा | | ८ | |

तालिका नं. ९.२

कविता विधाका लागि अङ्कभार वितरण

उर्लावारी न.पा.

| क.सं. | प्रश्नका प्रकृति | प्र.नं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | व्याख्या | १३ क | ४ | ऐच्छिक |
| | जम्मा | | ८ | |

माथिका तालिकालाई हेर्दा तीनओटै नगरपालिकाका प्रश्नपत्रमा कविता विधाबाट प्रश्नहरू राखिएका छन् । ऐच्छिक प्रश्नका रूपमा अङ्क ४ को भावविस्तार गर्ने प्रश्न राखिएको छ । सुन्दरहरैंचा र पथरीशनिश्चरे नगरपालिकाको प्रश्नपत्रमा जम्मा ८/८ पूर्णाङ्कको कविता विधाबाट प्रश्न राखिएको छ भने उर्लावारी नगरपालिकामा जम्मा ४ पूर्णाङ्कको प्रश्न मात्र कविता विधाबाट राखिएको छ । यी प्रश्नहरू अनिवार्य छैनन् । त्यसकारण समावेश गरिएका प्रश्नहरू हल गर्न विद्यार्थीहरू वाध्य छैनन् । यसरी एउटा पनि प्रश्न कविता विधाका अनिवार्य नभएकोले गर्दा कविता विधाले राखेको उद्देश्य के कति मात्रामा सफल भयो भन्ने कुराको जानकारी पाउन कठिन हुने अवस्था देखिन्छ ।

ग) प्रबन्ध/निबन्ध विधा

प्रबन्ध/निबन्ध विधा अन्तर्गत सामाजिक/साँस्कृतिक प्रकृतिक/वातावरणीय, कलात्मक/कला सम्बन्धी, वैज्ञानिक/प्राविधिक जस्ता निबन्ध विधाको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यस विधाका लागि श्रुतिलेखन, अनुलेखन र निबन्ध लेखन प्रश्नहरू बनाइ भाषिक मूल्याङ्कन गर्नुपर्दछ । प्रबन्ध/निबन्ध विधाका लागि प्रतिनिधि नगरपालिकाका प्रश्नपत्रको वितरण स्थितिलाई तलको तालिकामा राखिएको छ :

तालिका नं. १०

प्रबन्ध/निबन्ध विधाका लागि अङ्कभार वितरण

सुन्दरहरैंचा न.पा.

| क.सं. | प्रश्नका प्रकार | प्र.नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | बोध प्रश्न | १० | १ | ५ | अनिवार्य |
| २ | बुँदा टिपोट र सारांश लेखन | ११ | १ | ५ | अनिवार्य |
| ३ | निवन्ध | १७ | १ | ८ | ऐच्छिक |
| | जम्मा | | | १८ | |

तालिका नं. १०.१

प्रवन्ध/निबन्ध विधाका लागि अङ्कभार वितरण

पथरीशनिश्चरे न.पा.

| क.सं. | प्रश्नका प्रकार | प्र.नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | वोध प्रश्न | १० | १ | ५ | अनिवार्य |
| २ | बुँदा टिपोट र सारांश लेखन | ११ | १ | ५ | अनिवार्य |
| ३ | व्याख्या | १३ ख | १ | ४ | ऐच्छिक |
| ४ | विवेचनात्मक | १६ | १ | ८ | ऐच्छिक |
| ५ | निवन्ध | १७ | १ | ८ | ऐच्छिक |
| | जम्मा | | | ३० | |

तालिका नं. १०.२

प्रवन्ध/निबन्ध विधाका लागि अङ्कभार वितरण

उर्लावारी न.पा.

| क.सं. | प्रश्नका प्रकार | प्र.नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | वोध प्रश्न | १० | १ | ५ | अनिवार्य |
| २ | बुँदा टिपोट र सारांश लेखन | ११ | १ | ५ | अनिवार्य |
| ३ | व्याख्या | १३ ख | १ | ४ | ऐच्छिक |
| ४ | विवेचनात्मक | १६ | १ | ८ | ऐच्छिक |
| ५ | निवन्ध | १७ | १ | ८ | ऐच्छिक |
| | जम्मा | | | ३० | |

माथिको तालिकालाई हेर्दा सबै प्रतिनिधि नगरपालिकाका प्रश्नपत्रहरूमा प्रबन्ध/निबन्ध विधालाई समेटेको पाइन्छ । सुन्दरहरैँचा नगरपालिकाले कुल १८ अङ्कका प्रश्नमा १० अङ्कलाई अनिवार्य र ८ अङ्कलाई ऐच्छिक प्रश्नका रूपमा राखेको छ । त्यस्तै पथरीशनिश्चरे र उर्लाबारी नगरपालिकाले कुल ३० अङ्कका प्रश्नहरू राखेको छ, जसमा १० अङ्क अनिवार्य र २० अङ्कलाई ऐच्छिक प्रश्नका रूपमा राखेको छ । यसरी प्रतिनिधि प्रश्नपत्रमा यस विधाबाट वितरण गरिएका प्रश्नका प्रवृत्ति प्रश्न सङ्ख्या र अङ्कभारमा सुन्दरहरैँचा १८, पथरीशनिश्चरे ३० र उर्लावारीमा ३० अङ्कभार छुट्याइएको छ, साथै ऐच्छिक र अनिवार्य दुवै प्रकृतिका प्रश्नपत्र राखिनु सकारात्मक पक्ष हो । सबै प्रतिनिधि नगरपालिकाले प्रश्नपत्रमा निबन्ध लेखन प्रश्न अनिवार्य राख्नु सकारात्मक पाटो हो ।

घ) जीवनी विधा

जीवनी विधा अन्तर्गत राष्ट्रिय अन्तराष्ट्रिय साहित्यकार/कलाकार आविस्कारक, प्रेरक व्यक्तित्व र विचारको जीवनी यस विधामा राखिएको छ । जीवनी सिकाइको मुख्य उद्देश्य पनि प्रबन्ध/निबन्ध वा कथामा उल्लेख भए झै भाषाका मौखिक तथा लिखित अभिव्यक्ति सीपको विकास गर्नु हो । यो विधा विशिष्ट व्यक्तित्वको जीवनमा घटेका घटनाहरूलाई आधार मानी प्रस्तुत गरिन्छ । जीवनी विधाको मुख्य उद्देश्य भाषाका मौखिक तथा लिखित अभिव्यक्ति सीपको विकास गर्नु हो । जीवनी विधाका लागि प्रतिनिधि प्रश्नपत्रहरूले वितरण गरेका अङ्कभारको स्थितिलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ११

जीवनी विधाका लागि अङ्कभार वितरण

सुन्दरहरैँचा न.पा.

| क.सं. | प्रश्नका प्रकार | प्र.सं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | संक्षिप्त उत्तरात्मक | १४ (ख) | ४ | ऐच्छिक |
| २ | विवेचनात्मक | १६ (क) | ८ | ऐच्छिक |

तालिका नं. ११.१

जीवनी विधाका लागि अङ्कभार वितरण

पथरीशनिश्चरे न.पा.

| क.सं. | प्रश्नका प्रकार | प्र.सं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | विवेचनात्मक | १६ (क) | ८ | ऐच्छिक |

तालिका नं. ११.२

जीवनी विधाका लागि अङ्कभार वितरण

उर्लाबारी न.पा.

| क.सं. | प्रश्नका प्रकार | प्र.सं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | संक्षिप्त उत्तरात्मक प्रश्न | १६ (क) | ८ | ऐच्छिक |

माथिका तालिकालाई अध्ययन गर्दा सुन्दरहरैंचा नगरपालिकाले जम्मा १२ अङ्कभार छुट्याइ जीवनी विधाबाट २ वटा ऐच्छिक प्रश्नहरू समावेश गरेको छ भने पथरी शनिश्चरे न.पा.ले जम्मा ८ अङ्कभार छुट्याई जीवनी विधाबाट १ वटा ऐच्छिक प्रश्नहरू समावेश गरेको छ। त्यस्तै उर्लाबारी न.पा.ले जम्मा ४ अङ्कभार छुट्याई जीवनी विधाबाट १ वटा ऐच्छिक प्रश्न समावेश गरिएको छ। तीनओटै नगरपालिकाले जीवनी विधाबाट ऐच्छिक रूपमा मात्र प्रश्नहरू समावेश गरेका छन्। यस किसिमको वितरणले परीक्षार्थीलाई उत्तर लेख्न बाध्य नपार्ने हुँदा जीवनी विधा छुट्न सक्ने सम्भावना देखिन्छ। यस अर्थमा प्रतिनिधि प्रश्नपत्रमा जीवनी विधालाई उपेक्षा गरेको देखिन्छ।

ङ) रूपक विधा

रूपक विधाअन्तर्गत संवाद/एकाङ्की, वादविवाद जस्ता विधाहरू समावेश छन् । रूपक विधाको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता बढाउनु हो । रूपक विधाको अभ्यास गराउँदा प्रश्नोत्तर कुराकानी हाउभाउ पहिचान, संवाद वा वादविवादको अनुकरणात्मक लेखन, श्रुति लेखन, अनुलेखन आदि क्रियाकलाप समेत गराउनुपर्छ । प्रतिनिधि प्रश्नपत्रहरूमा यस विधाका लागि वितरण गरिएको अङ्कभारको स्थितिलाई तल तालिकामा प्रस्तुत गरिन्छः

तालिका नं. १२

रूपक विधाका लागि अङ्कभार विवरण

पथरी शनिश्चरे न.पा.

| क.सं. | प्रश्नका प्रकार | प्र.सं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | संवाद | १२ ख | ४ | ऐच्छिक |

स्रोत : प्रतिनिधि प्रश्नपत्रहरू

अध्ययनका लागि छनोट गरिएका नगरपालिकामध्ये पथरी शनिश्चरे नगरपालिकाले कुल ४ पूर्णाङ्कको एउटा प्रश्न रूपक विधाबाट समावेश गरेको छ भने सुन्दरहरैंचा नगरपालिका र उर्लाबारी नगरपालिकाले रूपक विधालाई कुनै स्थान दिएको छैन । पथरीशनिश्चरे नगरपालिकाले संवाद लेखन प्रश्न राख्नुलाई सकारात्मक पक्ष मान्न सकिन्छ तर सुन्दरहरैंचा र उर्लाबारी नगरपालिकाले भने रूपक विधालाई पुरै उपेक्षा गरेको छ ।

च) चिठी विधा

चिठी भन्ने वित्तिकै एउटा सूचना आदानप्रदान गर्ने साधन भन्ने पनि बुझिन्छ । चिठी विधा अन्तर्गत घरायसी, कार्यालयीय र निवेदन समावेश छन् । यस विधाको प्रमुख प्रयोजन व्यवहारिक सीपको विकास गर्नु हो । प्रतिनिधि प्रश्नपत्रमा चिठी विधाका लागि वितरण गरिएको अङ्कभारको अवस्था तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं १३

चिठी विधाका लागि अङ्कभार वितरण

| नगरपालिका | प्र.सं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|
| सुन्दरहरैचा | १२ ख | ४ | ऐच्छिक |
| पथरीशनिश्चरे | | | |
| उर्लाबारी | १२ ख | ४ | ऐच्छिक |

स्रोत : प्रतिनिधि प्रश्नपत्रहरू

माथिको अध्ययनबाट के प्रस्ट हुन्छ भने सुन्दरहरैंचा र उर्लावारी नगरपालिकाले चिठी विधाबाट समान रूपमा प्रश्नहरू समावेश गरेको पाइयो । यो सकारात्मक पक्ष हो । पथरीशनिश्चरे नगरपालिकाले भने चिठी विधालाई बेवास्ता गरेको पाइयो । यस नगरपालिकामा चिठी विधाबाट कुनै पनि प्रश्न सोधेको छैन । यो पथरी नगरपालिकाको कमजोर पक्ष हो ।

### ४.२.२.३ पाठ्यपुस्तकका आधारमा

आधारभूत शिक्षा पाठ्यक्रम २०६९ लाई मूल आधार मानि शिक्षासम्बन्धी विभिन्न आयोगका सुझाव शिक्षक, विद्यार्थी तथा अभिभावक लगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तरक्रियाका निष्कर्ष र विभिन्न विद्यालयमा परीक्षण गरी प्राप्त पृष्ठपोषण समेतलाई समेटी यो पाठ्यपुस्तक तयार पारिएको छ । यसलाई पाठ्यक्रमको उद्देश्य पूरा गर्न अथवा व्यवहारमा उतार्न शिक्षकले कक्षाकोठा विद्यार्थीसामु उपयोग गर्दछ । यसरी कक्षा आठमा पढ्ने विद्यार्थीको उमेर रुचि, क्षमता र मनोवैज्ञानिक पक्षमा विचार पुऱ्याउँदै उनीहरूको मूल्याङ्कनका लागि पाठ्यपुस्तकमा आधारित प्रश्नपत्र उपयोग ल्याउनु उपयुक्त हुन्छ । यसको अर्थ प्रश्नहरू हुबहु पाठ्यपुस्तकमा भएका हुनै पर्छ भन्ने होइन यस अध्ययन कार्यमा उपयोग गरिएका प्रश्नपत्रहरूलाई अध्ययन गर्दा सबै नगरपालिकाका प्रश्नपत्रहरू पाठ्यपुस्तकमा नै आधारित भएर निर्माण गरिएको पाइन्छ ।

४.२.२.४ विशिष्टीकरण तालिकाका आधारमा

आधारभूत शिक्षा पाठ्यक्रम २०६९ अनुसारको विशिष्टीकरण तालिकासँग अध्ययन कार्यमा उपयोग गरिएका सुन्दरहरैंचा पथरी शनिश्चरे, उर्लावारी प्रश्नहरूलाई तुलना गरी प्रश्नपत्रमा सङ्कलित एक एक प्रश्नलाई अध्ययन गरी प्रश्नपत्र रविशिष्टीकरण तालिका बीचको अनुरूपतालाई यस खण्डमा प्रस्तुत गरिएको छ । यसका लागि विशिष्टीकरण तालिका २०६९ अनुसार सिफारिस गरिएका प्रश्नका प्रकार (पढाइ र लेखाइ) का शीर्षकलाई अध्ययन कार्यमा लिदै प्रश्नको तह प्रश्नको सङ्ख्या अङ्कभार र समयलाई प्रश्नपत्रमा उल्लेख गरिएअनुसार र विशिष्टीकरण तालिका बीच तुलना गर्दै प्रश्नपत्रको अध्ययनलाई प्रस्तुत गरिएको छ ।

क) शब्दभण्डार

शब्दभण्डारको लागि सुन्दरहरैंचा, पथरीशनिश्चरे, उर्लाबारी नगरपालिकाका प्रश्नहरूले शब्दार्थ, शब्द पहिचान वाक्यमा प्रयोगलाई समेटेका छन् । यस खण्डमा भिन्नै प्रश्नहरूको प्रतिनिधि प्रश्नपत्रमा राखिएको वितरण र ती प्रश्नको विशिष्टीकरण तालिका २०६९ सँग तुलना गर्दै विश्लेषण गरिन्छ ।

विशिष्टीकरण तालिकाअनुसार अर्थलेखन शब्द पहिचान र वाक्यमा प्रयोगका लागि क्रमशः ३, ३ र ४ अङ्कभार वितरण गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । त्यसैगरी उक्त तालिकाअनुसार अर्थ लेखन र शब्द पहिचान ज्ञान सीपसँग सम्बन्धित र वाक्यमा प्रयोग व्यावहारिक सीपसँग सम्बन्धित कुरा उल्लेख गरिएको छ ।

यसप्रकार सुन्दरहरैंचा, पथरीशनिश्चरे र उर्लाबारी नगरपालिकाका प्रश्नपत्रहरूमा शब्दभण्डार विधाका लागि वितरण गरिएका प्रश्नपत्रहरूलाई अध्ययन गर्दा विशिष्टीकरण तालिका अनुरूप नै वितरित भएको छ ।

ख) व्याकरण

विशिष्टीकरण तालिका २०६९ मा उल्लेख भएअनुसार व्यावहारिक सीपको मूल्याङ्कनका लागि व्याकरण विधाबाट शब्दवर्ग, कारक र विभक्ति काल पक्ष, भाव, वाक्य परिवर्तन, वाक्य रचना जस्ता प्रश्नहरू सोधिनु पर्ने कुरा उल्लेख गरेको छ । विशिष्टीकरण

तालिकाले व्याकरणको लागि जम्मा अङ्कभार १५ छुट्याइएको छ । यसरी प्रतिनिधि प्रश्नपत्रहरूमा व्याकरण परीक्षणका लागि वितरण गरिएको अङ्क विभाजनलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १४

व्याकरण परीक्षणको अङ्क विभाजन

| नगरपालिका | शब्दवर्ग | कारक र विभक्ति | काल पक्ष भाव | वाक्य परिवर्तन | वाक्य रचना वर्णन | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| सुन्दरहरैँचा | ३ | १ | ३ | ४ | ४ | १५ | ७५ |
| पथरीशनिश्चरे | ३ | १ | ३ | ४ | ४ | १५ | ७५ |
| उर्लावारी | ३ | १ | ३ | ४ | ४ | १५ | ७५ |

स्रोत : तीन ओटा नगरपालिकाका प्रतिनिधि प्रश्न

प्रस्तुत तालिकालाई अध्ययन गर्दा व्याकरण विधाबाट तीन ओटै जिल्ला इलाम, पाँचथर र ताप्लेजुङले क्रमश शब्दवर्गका लागि ३ अङ्क, र विभक्तिका लागि १ अङ्क काल, पक्ष र भावका लागि ३ अङ्क, वाक्य परिवर्तनका लागि ४ अङ्क र वाक्य रचना वर्णनका लागि ४ अङ्क गरी जम्मा १५ अङ्क भारको प्रश्न निर्माण गरिएको छ । जुन विशिष्टीकरण तालिका अनुरूप नै निर्माण गरिएको छ । यो प्रश्नपत्रको सवल पक्ष मानिन्छ ।

ग) बोध प्रश्न (दृष्टांश)

आधारभूत शिक्षा पाठ्यक्रम २०६९ अनुसारको विशिष्टीकरण तालिका २०६९ मा बोध प्रश्न दृष्टांश हुने प्रावधान गरिएको छ । यसमा विभिन्न लेख रचनाहरूबाट १५० शब्दसम्मको दृष्टांश गद्यांश दिई त्यससम्बन्धी एक वा दुई वाक्यमा उत्तर आउने खालका कुनै ५ प्रश्न सोधने गरिन्छ । यसका लागि समयभार ९ र अङ्कभार ५ विशिष्टीकरण तालिका अनुसार छुट्याइएको छ । यसै अनुसार उपयोग गरिएका तीनै नगरपालिकाका प्रश्नपत्रले बोध प्रश्नलाई समावेश गरेका छन् । यो विशिष्टीकरण तालिका अनुरूप सकारात्मक रहेको छ ।

घ) बुँदा टिपोट र सारांश (दृष्टांश)

विशिष्टीकरण तालिका २०६९ अनुसार बुँदा टिपोट र सारांश (दृष्टांश) हुने प्रावधान रहेको छ । यसमा गद्य विधाका पाठबाट १०० शब्दसम्मको गद्यांश दिई ४ ओटा बुँदा टिपी सारांश लेख्न लगाउने गरिन्छ । यसैगरी विशिष्टीकरण तालिका २०६९ मा यस बुँदा टिपोट र सारांश (दृष्टांश) का लागि समयभार ९ र अङ्कभार ५ छुट्याइएको छ । यसैअनुसार तीनै ओटै नगरपालिकाले प्रश्न निर्माण गरेका छन् । यसलाई सवल पक्ष मान्न सकिन्छ ।

ङ) निर्देशित रचना

परीक्षार्थीको उच्च दक्षता मापनका लागि बुँदा कथा/जीवनीबाट एक प्रश्न वा वादविवाद/संवाद/चिठी मध्येबाट कुनै एक प्रश्न गरी दुई प्रश्न सोध्ने र कुनै एकको उत्तर दिन लगाउने कुरा विशिष्टीकरण तालिका २०६९ मा उल्लेख छ । उक्त तालिका अनुसार यसका लागि अङ्कभार ४ किटान गरिएको छ । त्यस्तै उत्तर लेख्नुपर्ने समय ९ मिनेट तोकिएको छ । यसै सन्दर्भमा अध्ययनमा उपभोग गरिएका सुन्दरहरैँचा नगरपालिकाले जीवनी तयार र चिठी लेख्ने प्रश्न राखी छानेर एउटा प्रश्नको उत्तर लेख्ने निर्देशन गरिएको छ । पथरी नगरपालिकाले कथा रचना गर्ने र संवाद तयार गर्ने प्रश्न राखी छानेर एउटा प्रश्न्को उत्तर लेख्ने निर्देशन गरिएको छ । त्यस्तै उर्लाबारी नगरपालिकाले कथा रचना गर्ने र निवेदन लेख्ने प्रश्न राखी छानेर एउटा प्रश्नको उत्तर लेख्ने निर्देशन गरिएको छ । सबै प्रतिनिधि नगरपालिकाले यसका लागि ४ अङ्कको व्यवस्था गरेका छन् । यसरी हेर्दा सबै प्रतिनिधि नगरपालिकाका निर्देशित रचना विशिष्टीकरण तालिका अनुरूपकै छन् ।

च) भावविस्तार/व्याख्या

विशिष्टीकरण तालिका २०६९ अनुसार भाव विस्तार प्रश्नबाट परीक्षार्थीको उच्च दक्षता मापन गरिन्छ । भाव विस्तार/व्याख्याका लागि कथा, कविता, निबन्ध/प्रबन्ध जीवनी विधाका दुई विशिष्ट पङक्ति दिई कुनै एकको व्याख्या भावविस्तार गर्न वा तात्पर्य खुलाउन लगाउने प्रश्न दिने कुरा विशिष्टीकरण तालिकामा उल्लेख छ । यसै सन्दर्भमा भाव विस्तार/व्याख्या प्रश्नका लागि सुन्दरहरैँचा, पथरीशनिश्चरे र उर्लाबारी नगरपालिकाका प्रश्नपत्रले विशिष्टीकरण तालिकालाई आत्मसात गरी प्रश्नपत्र निर्माण गरिएको छ । भाव

विस्तारका लागि सबै प्रतिनिधि नगरपालिकाले विशिष्टीकरण तालिका अनुरूप नै ४ अङ्कको व्यवस्था गरिएको छ ।

छ) सङ्क्षिप्त उत्तरात्मक प्रश्न

आधारभूत शिक्षा पाठ्यक्रम २०६९ अनुसारको विशिष्टीकरण तालिका अनुसार संक्षिप्त उत्तरात्मक प्रश्नमा निर्धारित विधाहरू कथा, कविता, निबन्ध/, जीवनीबाट मूल भाव, घटना, सन्देश, चरित्र आदिका सम्बन्धमा ३ ओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्न सोधी २ ओटाको उत्तर दिन लगाउने प्रावधान छ । यस्तै पाठगत प्रश्नोत्तर अन्तर्गत नै राखिएको तार्किक शिल्प/समस्या समाधान प्रश्नका लागि कथा, निवन्ध/प्रवन्ध, कविता, जीवनी विधाका कुनै प्रसङ्ग दिई विचार तथा तर्कले पुष्टि गर्ने वा समस्या समाधान गर्ने खालको प्रश्न सोध्ने । यस्तो प्रश्न अनिवार्य प्रश्नका रूपमा राखिएको छ । यी सबै प्रश्नका लागि ४/४ अङ्कका दरले अङ्क विभाजन गरिएको छ । यी सबै प्रश्नका लागि २२ मिनेटको समय तोकिएको छ । सबै प्रतिनिधि नगरपालिकाका प्रश्नहरू समावेश गरी विशिष्टीकरण तालिकाको पूर्ण पालना गरिएको देखिन्छन् ।

ज) विवेचना

विशिष्टीकरण तालिका २०६९ अनुसार विवेचना अन्तर्गत कथा, निबन्ध/प्रवन्ध र जीवनीमध्ये कुनै २ विधाबाट विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गर्ने खालका २ प्रश्न सोधी १ प्रश्नको उत्तर दिन लगाउने व्यवस्था उल्लेख छ । यस प्रश्नका लागि १५ मिनेटको समय सीमा तोकिएको छ । प्रतिनिधि नगरपालिकाका प्रश्नपत्रलाई हेर्दा सुन्दरहरैंचा नगरपालिकाले एउटा जीवनी विधाबाट र अर्को प्रश्न कथा विधाबाट सोधी कुनै एक प्रश्नको हल गर्न निर्देशन दिएको छ । त्यस्तै पथरीशनिश्चरे नगरपालिकाले एउटा प्रश्न जीवनीबाट र अर्को प्रश्न कथा विधाबाट सोधी कुनै एक प्रश्नको हल गर्न दिएको छ । त्यसैगरी उर्लाबारी नगरपालिकाले एउटा प्रश्न प्रवन्धबाट र अर्को प्रश्न कथाविधाबाट राखी एउटा प्रश्न्को जवाफ दिन निर्देशन गरिएको छ । अङ्कको विभाजन पनि विशिष्टीकरण तालिका अनुरूप नै सबै नगरपालिकाले राखेका छन् । यसरी हेर्दा सबै प्रतिनिधि नगरपालिकाका प्रश्नहरू विशिष्टीकरण तालिका अनुरूप नै निर्माण भएको देखिन्छ ।

झ) स्वतन्त्र रचना

स्वतन्त्र रचना अन्तर्गत एउटा आत्मपरक र अर्को वस्तुपरक २ ओटा पर्ने गरी कुनै ३ शीर्षक दिने र तीमध्ये कुनै एक शीर्षक १५० शब्दमा नघटाई निवन्ध लेख्न लगाउने प्रावधान र विशिष्टीकरण तालिकाको रहेको छ। जसमा समयभार १५ र अङ्कभार ८ छुट्याइएको छ। सोही अनुरूप तीन ओटै नगरपालिकाले प्रश्न निर्माण गरेका छन्। यो विशिष्टीकरण तालिका अनुरूप नै भएकोले यसलाई सकारात्मक पक्ष मानिन्छ।

## ४.३ विश्वसनीयता र वैधताका आधारमा प्रश्नपत्रको विश्लेषण

### ४.३.१ विश्वसनीयताका आधारमा

सामान्य अर्थमा विश्वसनीयता भन्नाले विश्वासयोग्य भन्ने बुझिन्छ। समान प्रश्नपत्रहरू परीक्षण र पुन : परीक्षण गर्दा स्थिर नतिजा प्राप्त हुन्छ भने त्यस्तो प्रश्नमा विश्वसनीयता रहेको हुन्छ। प्रश्नपत्रमा हुनुपर्ने महत्त्वपूर्ण गुण विश्वसनीयता हो। परीक्षाका साधन प्रश्नपत्र विद्यार्थीमा पटक-पटक परीक्षण गर्दा प्राप्त हुने नतिजा वीचको एकरूपता नै विश्वसनीयता हो। यसरी प्रतिनिधि प्रश्नहरूमा प्रायः कुनै पनि पाठ्यक्रम अनुरूप विधाको पाठ्यभारलाई आत्मसाथ गरिएको छैन। यस्ता खालका प्रश्नपत्रले विद्यार्थीको नतिजालाई एकरूपता दिन सक्दैन।

### ४.३.२ वैधताको आधारमा प्रश्नपत्रको विश्लेषण

जुन विषय र उद्देश्यको परीक्षण एवम् मापन गर्नका लागि प्रश्न बनाइएको हो। त्यही कुराको सकल र प्रमाणित परीक्षण एवम् मापन गर्नु सक्ने स्थिति प्रश्नहरूमा देखिएमा त्यस्ता प्रश्नलाई वैध भनिन्छ। परीक्षण गर्न खोजिएको कुरालाई दुरुस्त र त्रुटिरहित ढङ्गबाट परीक्षण गर्ने गुण नै प्रश्नपत्रको वैधताको उदाहरण हो। परीक्षणबाट प्राप्त हुने नतिजाको निष्कर्ष कतिको सही अर्थपूर्ण र उपयोगी हुन्छ भन्ने कुराको सुनिश्चितता वैधताले गर्छ। यसरी वैधताले परीक्षण दावी गरे अनुसारको गुण कतिको मापन गर्न सक्छ भन्ने जनाउँछ। प्रश्नहरू आन्तरिक र बाह्य रूपबाट त्रुटिरहित हुन आवश्यक छ। वैधता उद्देश्यसँग सम्बन्धित छ। यसरी प्रतिनिधि प्रश्नपत्रको वैधता दृष्टिका लागि वैधताका निम्न पक्षहरूका अध्ययन विश्लेषण गरिएको छ।

### ४.३.२.१ विषयगत वैधता

कुनै पनि परीक्षणमा समावेश गरिएका प्रश्नहरूले सम्पूर्ण विषयवस्तुको प्रतिनिधित्व गर्दछन् भने त्यस्तो परीक्षणमा विषयगत वैधता रहेको मानिन्छ । कुनै परीक्षणले कुनै पाठ्यवस्तु वा पाठ्यक्रमको उद्देश्यलाई पूरा गर्दछ भने त्यस्तालाई विषयगत वैधता भनिन्छ । परीक्षणका साधनले पाठ्यक्रमले तोकेका उद्देश्य, विषयवस्तु, विषयवस्तुका सीमाहरूलाई समेटेको निश्चित गर्दछ भने त्यस्तो परीक्षणमा विषयगत वैधता भएको मान्न सकिन्छ । यसरी प्रतिनिधि नगरपालिकाका प्रश्नपत्रहरूको अध्ययनबाट ध्यान दिएर प्रश्नपत्र निर्माण भएको पाइन्छ । तसर्थ ती प्रश्न पत्रहरूमा विषयगत वैधता उच्च रहेको पाइन्छ ।

### ४.३.२.२ रचनात्मक वैधता

विद्यार्थीको परीक्षाको प्राप्ताङ्कलाई तिनको आचारण वा गुणको आधारमा व्याख्या गरिन्छ भने त्यसलाई रचनात्मक वैधता भनिन्छ । यहाँ रचना भन्नाले अवलोकन गर्न वा मापन गर्न नसकिने व्यक्तिका गुण वा व्यवहारहरूलाई जनाउँछ ।

रचनात्मक भन्नुको तात्पर्य भावनात्मकता हो । गुणहरू भावनात्मक हुन्छन् । तिनीहरूलाई ज्ञानेन्द्रीय मार्फत मात्रात्मक तवरमा जाँच्न सकिदैन । यिनीहरूलाई जाँच्नका लागि निश्चित आधारहरू विकास गर्नुपर्दछ । यस सन्दर्भमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा प्रत्येक नगरपालिकाका प्रश्नपत्रहरूमा स्वतन्त्र रचना अन्तर्गत निबन्ध लेखन प्रश्न सोधिएको छ । यसले रचनात्मक वैधता प्राप्तिमा सहयोग पुऱ्याएको देखिन्छ । अर्कोलाई प्रतिनिधि प्रश्नपत्रहरूमा सोधिएका कण्ठस्थीकणमा आधारित स्तर प्रतिकूल र घुमाउरा प्रश्नहरूले भने रचनात्मक वैधताको गुणलाई आघात पुऱ्याएको देखिन्छ ।

### ४.३.२.३ पूर्व सूचनात्मक वैधता

कुनै परीक्षणबाट प्राप्त नतिजाले निश्चित कुराको भविष्यवाणी गरेको हुन्छ र भविष्यमा उक्त कुरा मेल खान्छ भने उक्त परीक्षणमा पूर्व सूचनात्मक वैधता उच्च हुन्छ । वास्तवमा कुनै परीक्षणद्वारा क्षमता प्रदर्शन भएर पनि उसको भविष्यबारे कुनै अनुमान गर्न सक्नु पूर्व सुचनात्मक वैधता हो । परीक्षार्थीहरूमा पूर्व सोचाइ अनुसार पछि पनि उपलब्धि हासिल भएमा पूर्वसूचनात्मक वैधता भएको विश्वास गरिन्छ । प्रश्नपत्र परीक्षार्थीको विशेष

क्षमता जाँच्नका लागि पाठ्यक्रमको अपेक्षा अनुसार निर्माण गर्दै यसको मापन गर्नुपूर्व नै आधार मापन गर्नु पर्दछ। यसले पूर्वसूचनात्मक वैधता कायम गर्न सघाउ पुऱ्याउँछ।

यसै सन्दर्भमा प्रतिनिधि नगरपालिकाका प्रश्नहरूलाई अध्ययन गर्दा ती प्रश्नपत्रमा देखिएका रचनात्मक वैधताको कमजोरीले पूर्व सूचनात्मक वैधतामा समेत नकारात्मक असर पारेको देखिन्छ। प्रश्नपत्रमा प्रश्नहरू विद्यार्थीले प्रयोग गरेको पाठ्यपुस्तकमा रहेका प्रश्नहरूसँग हुन्छ मिल्नाले पनि प्रश्नपत्रको पूर्वसूचनात्मक वैधता हुन सकेको छैन। कुनै विषयलाई बढी समेट्नु र कुनैलाई समेट्न नसक्नु जस्ता कारणले पनि पूर्वसूचनात्मक वैधतामा असर पर्न गएको देखिन्छ। नेपाली किताब कक्षा ८ बाट हुबहु सारिएका प्रश्नहरूले पूर्वसूचनात्मक वैधतालाई कमजोर बनाएका छन् र ती प्रश्नहरू उदाहरणका रूपमा रूपमा तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. २५

पूर्वसूचनात्मक वैधतामा आघात पुऱ्याउने प्रश्नहरूको विवरण

| नगरपालिका | प्रश्नमा सोधिएको प्र.नं. | नेपाली किताब कक्षा आठको पाठ्यपुस्तकको पृष्ठ नं. | नेपाली किताब कक्षा आठको पाठ्यपुस्तकको प्र.नं. |
|---|---|---|---|
| उर्लाबारी | १४ क | १६० | ४ च |
| | १४ ख | ९१ | ४ ख |
| | १४ ग | १८ | ६ क |
| पथरीशनिश्चरे | १४ क | १४० | ४ ग |
| | १४ ख | ८२ | ४ ङ |
| | १६ क | १५० | ९ |
| | १६ ख | ७२ | ५ |
| सुन्दरहरैंचा | १३ क | १२४ | ५ |
| | १३ ख | ४३ | ६ ख |
| | १४ क | १२४ | ४ घ |

स्रोत : प्रतिनिधि प्रश्नहरू

परिच्छेद : पाँच

# निष्कर्ष तथा सुझाव

## ५.१ निष्कर्ष

प्रश्नपत्र मूल्याङ्कनको बहुउपयोगी साधन हो । लिखित, मौखिक तथा प्रयोगात्मक परीक्षणमा यसको उपयोग गर्न सकिन्छ । भाषिक मूल्याङ्कनमा पनि प्रश्नपत्र त्यतिकै उपयोगी हुन्छ । हाम्रो जस्तो शिक्षा प्रणालीमा भाषिक सीपको मूल्याङ्कन प्रमुख साधनको रूपमा प्रश्न पत्रलाई नै लिइएको पाइन्छ ।

प्रश्न विश्लेषणका लागि सङ्कलित प्रतिनिधि प्रश्नहरूको अध्ययन बाह्य र आन्तरिक स्वरूपका आधारमा गरिएको थियो । बाह्य आधारका दृष्टिले अध्ययन गर्न प्रश्नपत्रको स्वरूप, निर्देशन, अङ्क विभाजन र समय निर्धारण प्रस्तुति उपयुक्त भाषालाई प्रमुख आधार मानिएको थियो । ती आधारहरू भित्र पनि अन्य उप-आधारहरूको तय गरी प्रश्नपत्रको विश्लेषण गरिएको थियो । त्यस्तै आन्तरिक आधारमा प्रश्नहरूको अध्ययन गर्न पाठ्यक्रमका आधारमा भाषिक सीपगत आधारमा विधाका आधारमा प्रश्नपत्रको विश्वसनीयता र वैधता विश्लेषणलाई मुख्य आधार बनाइएको थियो । उक्त आधारबाट प्रतिनिधि नगरपालिकाका प्रश्नहरूको अध्ययन गर्दा बाह्य र आन्तरिक दुवै आधारमा प्रश्नहरू कमजोर रहेको पाइयो । तिनीहरूलाई निम्नानुसार चर्चा गरिएको छ ।

१) बाह्य आधारका दृष्टिले अध्ययन गर्दा निम्नानुसारको स्थिति देखा परेको छ :

क) प्रश्नपत्रको स्वरूप

प्रतिनिधि प्रश्नपत्रहरूमा पथरीशनिश्चरे र उर्लाबारी नगरपालिकाले आधारभूत तह उत्तीर्ण परीक्षा लेखेका छन् भने सुन्दरहरैँचा नगरपालिकाले आधारभूत शिक्षा उत्तीर्ण परीक्षा लेखेको छ । एउटै कक्षाको परीक्षाको प्रश्नपत्रको शीर्षभाग लेखाइमा एकरूपता पाइदैन । प्रश्नपत्रहरू चार पृष्ठसम्मका भएपनि त्यसमा पृष्ठ नं. उल्लेख गरिएको छैन । प्रश्न निर्देशन एउटा पृष्ठमा र प्रश्नचाहिँ अर्को पृष्ठमा दिएको पाइन्छ । प्रश्न निर्देशन चिन्हको एउटा पूर्ण विराम दिइएको छ । यसले विद्यार्थीलाई अन्योल सिर्जना गरेको छ । सबै प्रश्नपत्रहरूले

किनारा छोडाइलाई खासै ध्यान दिएको देखिदैंन । अर्थात चारैतिर २ से.मि. छोड्नु पर्नेमा त्यस्तो पाइदैन ।

ख) निर्देशन

शीर्ष निर्देशन पथरीशनिश्चरे नगरपालिकाले मात्र दिएको छ भने सुन्दरहरैँचा र उर्लाबारी नगरपालिकाले केही शीर्ष निर्देशन दिएको पाइँदैन त्यसैले प्रश्न निर्देशनमा चुकेको पाइन्छ । विकल्प निर्देशन चाहिँ सबै नगरपालिकाले दिएका छैनन् । प्रश्न समाविष्टको जानकारी दिन उर्लावारी नगरपालिकाले समाप्त भनी उल्लेख गरेको छ भने सुन्दरहरैँचा र पथरीशनिश्चरे नगरपालिकाले समाप्त नलेखेर सङ्केत गर्न थोप्ला मात्र दिएका छन् । सुन्दरहरैँचा ८ उर्लाबारी नगरपषलिकाले प्रश्न पत्रमा कक्षा उल्लेख गरेका छन् भने पथरी नगरपालिकाले कक्षा उल्लेख गरेको छैन् सबै नगरपालिकाको शीर्ष भागमा पूर्णाङ्क ७५ उल्लेख गरिएको भएता पनि उत्तिर्णाङ्क सुन्दरहरैँचा र उर्लावारी नगरपालिकाले मात्र गरेका छन् भने पथरी नगरपालिकाले उत्तिर्णाङ्क उल्लेख गरेको छैन् । यो पथरी नगरपालिकाको कमजोर पक्ष मानिन्छ ।

ग) अङक विभाजन र समय निर्धारण

प्रतिनिधि प्रश्नहरूको अङ्क विभाजन र समय निर्धारण समान देखिन्छ । जसमा पूर्णाङ्क ७५ सबै नगरपालिकाको प्रश्नपत्रमा उल्लेख गरिएको छ । सुन्दरहरैँचा र उर्लाबारी नगरपालिकाले उत्तिर्णाङ्क ३० उल्लेख गरेका छन् भने पथरी शनिश्चरे नगरपालिकाले उत्तिर्णाङ्क उल्लेख गरेको छैन् । तीन ओटै नगरपालिकाका प्रश्न नं. समान छन् । समय भार र अङ्कभार पनि समान छन् ।

घ) पस्तुति अनुक्रम

सबै प्रतिनिधि नगरपालिकाले विशिष्टीकरण तालिका २०६९ बमोजिम नै प्रश्नहरूको प्रस्तुति अनुक्रम एकै ढङ्गले गरेका छन् । जसले गर्दा प्रश्नपत्र वैज्ञानिक ढङ्गको छ भन्न सकिन्छ । सरल देखि जटिलताको अनुक्रममा प्रश्नहरू प्रश्नपत्रमा राखिएका छन् ।

ङ) भाषा

सबै प्रतिनिधि प्रश्नहरूको भाषा बोधगम्य किसिमको छ । सरल र सहज भाषाको प्रयोग सबै प्रतिनिधि प्रश्नहरूमा गरिएको छ ।

२) आन्तरिक आधारका दृष्टिले प्रश्नपत्रको अध्ययन गर्दा निम्नानुसारको स्थिति देखिएको छ ।

क) पाठ्यक्रमका आधारमा

पाठ्यक्रम अनुरूपताको दृष्टिले भाषिक सीपगत आधारमा, विधाका आधारमा पाठ्यपुस्तकका आधारमा र विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्रहरूको अध्ययन गरिएको छ । यिनै आधारहरूबाट प्रश्नपत्रमा गरिएको प्रश्नहरूको वितरण अर्थात् प्रश्नपत्रमा सोधिएका प्रश्नका किसिम तिनको सापेक्षता, समय र अङ्कभारलाई अध्ययन गर्दा प्रतिनिधि प्रश्नहरूबीच एकरूपता नै कायम भएको छ । प्रश्नपत्रमा प्रश्नहरू पाठ्यक्रमको मापदण्ड बमोजिम नै प्रयोग भएका छन् ।

ख) भाषिक सीपगत आधारमा

सबै प्रतिनिधि नगरपालिकाका प्रश्नहरूमा भाषिक क्षेत्रबाट सोधिएका प्रश्नसङ्ख्या, प्रश्नका किसिम र तिनको अङ्कभार पाठ्यक्रम अनुरूप नै छन् । विधागत अपेक्षा र भाषिक क्षेत्र अनुरूपकै प्रश्नहरू प्रश्नपत्रमा समावेश गरिएको छ । त्यसैले ती प्रश्नहरूबीच भाषिक सीपगत आधारमा सामञ्जस्य भएको पाइन्छ ।

ग) विधागत आधारमा

प्रतिनिधि प्रश्नहरूमा पाठ्यक्रमले निर्धारण गरेको विधा वा विषयवस्तुको सीमाभित्र बाँधिएरै प्रश्नहरू निर्माण भएका भएपनि कुनै विधाका प्रश्नहरू बढी र कुनै विधाका प्रश्नहरू कम परेका छन् । विधागत सन्तुलन पूर्णरूपमा कायम हुन सकेको छैन् । विधागत रूपमा प्रश्न छुट्याउँदा कम्तिमा एउटा प्रश्न अनिवार्य गर्नु पर्नेमा यो नभई सबै प्रश्न ऐच्छिक भएको देखिएकाले विधागत उपेक्षा समेत भएको देखिन्छ ।

घ) पाठ्यपुस्तकका आधारमा

पाठ्यपुस्तकलाई पाठ्यक्रमको साधनको रूपमा मात्र नलिई यसलाई साध्यका रूपमा लिने परम्परागत अवधारणाको प्रभाव प्रतिनिधि प्रश्नपत्रहरूमा परेको छ । प्रश्न हुबहु पाठ्यपस्तक केन्द्रित भएर सोधिएको छ । पाठ्यपुस्तकबाट हुबहु धेरै प्रश्नहरू साभार गरी राखिएको छ ।

ङ) विशिष्टीकरण तालिकाका आधारमा

आधारभूत शिक्षा पाठ्यक्रम २०६९ को आधारमा प्रश्नपत्र निर्माण गरेको पाइन्छ । विशिष्टीकरण तालिका अनुसार नै सबै प्रतिनिधि नगरपालिकाका प्रश्नपत्रको पूर्णाङ्क ७५, उत्तीर्णाङ्क ३०, समय २ घण्टा १५ मिनेट कायम गरिएको छ । विशिष्टीकरण तालिका अनुसार नै सबै नगरपालिकाले जम्मा २३ प्रश्न सोधी १९ प्रश्नको उत्तर दिनुपर्ने व्यवस्था गरेका छन् । यसरी विशिष्टीकरण तालिका अनुसार नै प्रश्न सङ्ख्या, उत्तर दिनुपर्ने प्रश्नसङ्ख्या, अङ्भार र समयबीच सन्तुलन कायम राख्दै प्रश्नहरू निर्माण भएका छन् । ज्ञान, वोध, व्यवहारिक सीप तथा उच्चदक्षता मापन गर्ने प्रश्नपत्रमा विशिष्टीकरण तालिका अनुसार नै राखिएका छन् ।

## ५.२ सुझावहरू

क) प्रत्येक नगरपालिकाले प्रश्नपत्रको शीर्ष भागमा प्रश्नपत्र तयार गर्न वा उपयोगमा ल्याउने सङ्ख्याको नाम र नगरपालिका लेख्नुपर्दछ ।

ख) प्रत्येक नगरपालिकाले प्रश्नपत्रमा बिपय, कक्षा, पूर्णाङ्क, उत्तीर्णाङ्क र समय जस्ता कुरा शीर्ष भागमै आकर्षक ढङ्गले लेख्नुपर्दछ ।

ग) प्रत्येक नगरपालिकाको प्रश्नपत्रमा शीर्ष निर्देशन समेत दिनुपर्दछ ।

घ) प्रत्येक प्रश्नपत्रमा पृष्ठ नं. पनि दिनुपर्दछ ।

ङ) प्रश्नपत्रमा निर्देशन र प्रश्न एउटै पृष्ठमा दिनुपर्दछ ।

च) प्रश्नपत्र निर्माण गर्दा आकर्षक कागजको प्रयोग

छ) प्रश्नपत्रको चारैतिरको किनारा छोडाइमा ध्यान दिनुपर्छ ।

ज) प्रश्नहरू दोहोरो अर्थ नलाग्ने खालका हुनुपर्छ ।

झ) प्रत्येक नगरपालिकाका प्रश्नपत्रमा पाठ्यक्रमका सबै विधालाई समेटेर प्रश्नपत्र निर्माण गर्नुपर्दछ ।

ञ) प्रश्नपत्र निर्माण गर्दा विद्यार्थीको कक्षागत स्तरलाई ध्यानमा राखी प्रश्नपत्र तयार गर्नुपर्छ ।

ट) प्रश्नपत्रमा सरल र स्पष्ट भाषा तथा निर्देशन दिनुपर्दछ ।

ठ) प्रश्नपत्र सबै भाषिक सीपलाई समेट्ने ढङ्गले प्रश्नपत्र निर्माण गर्नुपर्दछ ।

ड) प्रश्नहरू विश्वसनीय वैध, व्यावहारिक, स्पष्ट र उपयोगी हुन आवश्यक छ ।

ढ) पाठ्यक्रम तथा विशिष्टीकरण तालिका अनुरूप प्रश्नपत्र निर्माण गर्नुपर्दछ ।

ण) प्रश्नहरू सरलबाट जटिलताको क्रममा राख्नुपर्दछ ।

त) पदयोग-वियोग सम्बन्धी त्रुटि प्रश्नपत्रमा गरिनु हुँदैन ।

थ) प्रश्न निर्माणका क्रममा शिक्षकलाई तालिमको व्यवस्था गरिनु आवश्यक छ ।

द) प्रश्नहरू सरल, मध्यम र जटिल तिनै प्रकारका हुनुपर्दछ ।

ध) प्रश्नहरू विषयविज्ञ, अनुभवी र दक्ष शिक्षकहरूबाट निर्माण गराउनु पर्दछ ।

# सन्दर्भ सामग्री सूची

अधिकारी, वासुदेव (२०७४), *आधारभूत उत्तीर्ण (२०७३) मा नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन,* मोरङ, नेपाली शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस ।

खनाल, पुण्यराज (२०६९), *प्रवेशिका परीक्षा २०६७ का पाँच विकास क्षेत्रका अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन,* मोरङ : नेपाली शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस ।

गौतम, रेनुका (२०६६), *कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६४ मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन,* काठमाडौँ : नेपाली भाषा शिक्षा विभाग त्रि.वि. ।

गुप्ता, सुमित्रा (२०७४), *कक्षा आठको जिल्ला स्तरीय परीक्षा (२०७२) मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन,* मोरङ : नेपाली शिक्षण विभाग, सुकुना वहुमुखी क्याम्पस ।

ज.ब.रा., स्वयंप्रकाश र अन्य (२०६७), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

दाहाल, सुशीला (२०६९), *कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०६७ मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन* , मोरङ, नेपाली शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस ।

पराजुली, तीर्थराज र अन्य (२०६८), *शैक्षिक मापन तथा मूल्याङ्कन,* काठमाडौँ : सनलाइट प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

शर्मा र अन्य (२०६२), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।